# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



बुद्ध शिष्या मल्लिका आफ्नो घरमा भिक्षु संघलाई भोजन गराईरहेको अवस्थामा अचानक दहीले भरिएको भाँडो खसेर फुट्यो । कतिपनि मन खिन्न नपारी (विपश्यना साधिका) मल्लिकाले भनिन्– "भन्ते दहीको भाँडो फुट्दैमा मेरो चित्त विचलित हुने कुनै कारण छैन । भोजन दान दिनु अगाडि नै राजा प्रसेनजितबाट मेरो बहादुर श्रीमान् बन्धुल सेनापति सहित मेरा ३२ जना एकसेएक बहादुर पुत्रहरूलाई षडयन्त्र गरी हत्या गरियो भन्ने खवर प्राप्त भएपनि मेरो मनमा धैर्य राख्दै यस भोजन कार्यक्रम सुचारू रूपले सञ्चालन गर्दैछु ।"

वर्षः ४४, अङ्कः २

बु.सं. २५७०, असार ज्याः पुन्हिः

# साधुवाद व भिन्तुना !



**भाजु श्याम लाल चित्रकार**
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उद्देश्य कथं
बुद्ध शिक्षा प्रचार-प्रसार यायेगु
ज्याय् न्हापांनिसें मदिक्क ग्वाहालि
यानादीगुया कदर स्वरूप
**धर्मकीर्ति अश्वघोष सम्मान पाखे सम्मानित ।**



**मयजु प्रतिमा मानन्धर**
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उद्देश्य कथं
बुद्ध शिक्षा प्रचार-प्रसार यायेगु
ज्याय् न्हापांनिसें मदिक्क ग्वाहालि
यानादीगुया कदर स्वरूप
**धर्मकीर्ति धम्मवती सम्मान पाखे सम्मानित ।**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ५४ औं वार्षिक भेलास **भाजु श्यामलाल चित्रकार** यात **धर्मकीर्ति अश्वघोष सम्मान** पाखें सम्मानित याःगु खःसा **मयजु प्रतिमा मानन्धर** यात **धर्मकीर्ति धम्मवती सम्मान** पाखें सम्मानित याःगु लसतास् सम्मानितद्वय व्यक्तिपिंसं हे धर्मकीर्ति पत्रिकाया थुगु छगू पन्ना धर्मदान यासे पुण्य सञ्चय यानादीगु दु ।

धर्मदान यानादीपिं वय्कःपिं सम्मानितद्वययात साधुवाद व भिन्तुना दय्छासे वय्कःपिं निम्हस्यां नं बुद्ध शिक्षायात थथःगु जीवने छ्यलाः लोकुत्तर मार्ग पाखें न्ह्याःवने फय्मा धकाः नं कामना यासे भिन्तुना दय्छानागु जुल ।

भवतु सब्ब मंगलम् ।

DHARMAKIRTI

## धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५७०

नेपाल सम्बत् ११४६

इस्वी सम्बत् २०२६

बिक्रम सम्बत् २०८३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**29th JUNE 2026**

| वर्ष- ४४ | अङ्क- २ | ज्या: पुन्हि | असार २०८३ |
|---|---|---|---|




★ **अञ्ञा हि लाभू'पनिसा – अञ्ञा निब्बानगामिनी**
**एवं मेतं अभिञ्ञाय – भिक्खु बुद्धस्स सावको**
**सक्कारं ना' भिनन्देय्य – विवेकम'नब्रू हये**


★ **लाभ प्राप्त ज्वीगु मार्ग मेगु हे, निर्वाण प्राप्त ज्वीगु मार्ग मेगु हे, भिक्षुपिंसं बुद्धशासने थुगु कारण सीका: सत्कार दय्केगु इच्छा मयासे एकान्त वास याय्गु चर्या बृद्धि याना यंकेमा: ।**

★ **लाभ सत्कार पाइने बाटो अर्कै छ, निर्वाण प्राप्त हुने बाटो अर्कै छ भन्ने सम्झेर प्रबुद्ध शासनमा बस्ने भिक्षुले समाजमा लाभ, सत्कारको वास्ता नराखी एकान्तवासी हुने चर्या बढाउनु पर्दछ ।**

★ One parts leads to earthly gain and quite another leads to Nirvana. Knowing this, the Bhikkhu, the disciple of the perfectly Enlightened one, longs no morefor honour, but rather cultivates solitude.

नमो तस्स भगवतो अरहतो, सम्मा सम्बुद्धस्स

# ★ हार्दिक निमन्त्रणा ★



**श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमांको**

**९३ औं जन्मोत्सवको पावन अवसरमा**

**पाँच दिने निःशुल्क विशेष योग तथा ध्यान साधना**

**सहभागिताका लागि हार्दिक निमन्त्रणा ।**

*कार्यक्रम हुने मिति, समय र स्थान :*

मिति : **२०८३ असार २८ गते, आइतबार** देखि
**२०८३ असार ३२ गते बिहिबार सम्म**

समय : **विहान ६:०० बजे देखि ७:०० बजे सम्म**

स्थान : **धर्मकीर्ति विहारको सभा कक्ष**
**धर्मकीर्ति विहार, श्रीघः, नघल, काठमाडौं**

*कार्यक्रम आयोजक :*

**लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ आई नेपाल**

*कार्यक्रम सञ्चालक :*

**लायन डा. गोपाल प्रधान**
डिष्ट्रिक्ट चिफ कोर्डिनेटर

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय | – | ३ |
| ३) | सम्पादकीय- असल राज्यको लागि राज्य शासकहरूले पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरू | – | ४ |
| ४) | दुर्लभ प्रव्रज्याको अनुभव | – विद्या लक्ष्मी शाक्य | ५ |
| ५) | धर्मकीर्ति समाचार | – | ७ |
| ६) | आमाको गुण | – मीरा मानन्धर | १३ |
| ७) | अनित्य, दुःख, अनात्म | – प्रेमलक्ष्मी तुलाधर | २० |


आवरण चित्र परिचय

# सहिष्णुता र समता

✍ **आचार्य सत्यनारायण गोयन्का**
भावानुवाद - **वीर्यवती**

कुमार अवस्थामा बन्धुल मल्ल राजकुमार प्रसेनजितका साथी थिए। दुबै मित्र थिए। तक्षशीलामा उनीहरू दुबै सहपाठी थिए। दुबैले एकसाथ पढाई पूरा गरेर आ-आफ्ना घर फर्के। कोशल नरेशले कुमार प्रशेनजित योग्य व्यक्ति सम्झेर उसलाई राज्य सुम्पेर आफू राज्य कार्यबाट निवृत्त भए।

बन्धुल शास्त्रविद्यामा पारंगत भएका थिए। प्रशेनजितले बन्धुललाई आफ्नो देशको सेनाका सेनाध्यक्ष बनायो। उसले राज्यमा सुरक्षा गर्ने काम अत्यन्त कुशलतापूर्वक निभाए।

धेरै वर्ष पछि न्यायपालिकाका न्याधाधीशले घूस लिएको कारण ऊ बदनाम हुन पुग्यो। जनता दुःखी भए। यो खबर राजा समक्ष पनि पुगियो। तब राजाले उसलाई जागिर खोसेर उसको स्थानमा सेनाध्यक्ष बन्धुललाई न्यायाधीशको पदभार बहन गर्ने जिम्मेवारी दिइयो। यस घटनाले पहिलो न्यायाधीश ज्यादै क्रोधित हुन पुग्यो। किनभने उसको लागि घुस खाएर आम्दानी गर्ने मौका बन्द हुन पुग्यो।

बन्धुल प्रति उसको मनमा घोर द्वेष जाग्यो। मौका पाएको अवस्थामा उसले राजालाई बन्धुल महाबलवान् भएको र उसका ३२ जना पुत्रहरू पनि बन्धुल जस्तै बलवान् रहेको विषयमा जानकारी दियो। राजाको सेनाभित्र बन्धुलको अधिकार रहेको कारणले केही सैनिकहरूलाई हातमा लिई बन्धुलले राजाको हत्या गरी राजगद्दी नै कब्जामा लिन खोज्दैछ भनी दूषित चित्तले चुकली लगाउन पुग्यो। प्रसेनजित राजाले यस चुकलीलाई विश्वास गर्न पुग्यो। आफ्नो प्राण बचाउनका लागि उसले बन्धुल र उसको ३२ जना बहादुर पुत्रहरूलाई सखाप पारिदिने षडयन्त्र रच्न थाल्यो। यही षडयन्त्र अनुसार राजाले आफ्नो देशको सीमा क्षेत्रमा अशान्ति मच्चिरहेको झूठो प्रचार गराई बन्धुल र उसका ३२ जना पुत्रहरूलाई उक्त क्षेत्रमा खटाए। आफ्नो केही विश्वासी व्यक्तिहरूलाई पनि उनीहरूसंग पठाइदिए। त्यहीं लगेर राजाले बन्धुल सहित उनका ३२ जना बीर र साहसी पुत्रहरूको हत्या गर्न लगाइयो।

त्यही दिन बन्धुलकी श्रीमती मल्लिकाले आफ्नो घरमा भिक्षुसंघलाई भोजन निमन्त्रणा गरिराखेकी थिइन्। ठीक समयमा नै भिक्षुसंघ उपस्थित हुनुभयो। उहाँहरूलाई आदरपूर्वक आसनमा विराजमान गराई भोजन दानको कार्य सुरुवात भइरहेको थियो। यत्तिकैमा संयोगवस एक सेविकाको हातबाट घ्यू राखिएको भाँडो खसेर उक्त भाँडो फुट्यो। वास्तवमा एकदिन फुट्नु नै थियो।

यस घटनाले मल्लिकाले प्रमुख भिक्षु समक्ष आफ्नो मनको कुरो व्यक्त गर्दै भन्न थालिन्–

"भन्ते! यो घ्यूको भाँडो फुट्दैमा मेरो मन खिन्न हुनुछैन।

( क्रमशः पेज २० मा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# असल राज्यको लागि राज्य शासकहरूले पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरू

बुद्धकालिन समयमा भगवान् बुद्ध वैशाली गण-राज्यस्थित सारंदद चैत्य परिसरमा रहनुहुँदा थुप्रै लिच्छवीहरू उहाँको दर्शनार्थ आएका थिए । त्यस समयमा उहाँले वैशाली गणराज्यको सुरक्षाको लागि लिच्छवीहरूलाई वज्जी गणराज्यको सफलताको लागि पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरूको विषयमा बताउनु भएको शिक्षा आजसम्म पनि अति स्मरणिय, मनन र पालन गर्न अत्यावश्यक देखिन्छ । यसलाई अङ्गुत्तर निकाय २.७.२१ को सारन्दद सुत्तमा उल्लेख गरिएको छ । ती यसरी छन् –

१) लिच्छवीहरू ! जबसम्म वज्जी गणराज्यका सांसदहरू सांसद भवनमा समय समयमा एकत्रित रही देश सुरक्षार्थ विचार विमर्श गर्ने कार्यमा जाँगर चलाउने गर्छन्, आफ्नो देशको सुरक्षार्थ सजग र सचेत रहने गर्छन्, तबसम्म उनीहरूको देशमा कुतत्वहरूले चलखेल गर्न सक्ने छैनन् । फलस्वरुप उनीहरूको शासन सफल भइरहने छ ।

२) लिच्छवीहरू ! वज्जी सांसदहरू आफ्नो देशमा आइपर्ने कुनैपनि संकटको घडीमा बजाइने घण्टा बज्ने बित्तिकै खाना खाइरहेकै अवस्था भएपनि वस्त्र अलंकार सजाइरहेको अवस्था भएपनि त्यसलाई त्यागेर तत्काल संसद भवनमा पुग्न सक्नु पर्दछ । त्यहाँ पुगी देशमा आइपरेका संकटलाई एक आपसी छलफल र विचार विमर्शले जुन निर्णय गर्दछ, त्यसलाई एकमत भई समस्या समाधान गर्नुपर्दछ । मतभेदमा मात्र अल्झिरहने बानीले एक आपसमा वेमेल भई दुश्मनहरूसँग सामना गर्ने क्षमतामा ह्रास हुनेछ । जबसम्म सबै देशवासीहरूले रक्षार्थ सहयोग गर्ने कार्यलाई आफ्नो कर्त्तव्य ठान्दछन्, तबसम्म वज्जी गणराज्यको विजय नै हुनेछ ।

३) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो परम्परागत राज्य विधान र न्याय संहितालाई अतिक्रमण गर्दैनन्, तबसम्म उनीहरू सफल नै हुनेछन् ।

यसको लागि सांसदहरूले आफ्नो क्षेत्रमा रहेका प्रजाहरूलाई नियम विपरित कर उठाएर दुःख दिने कार्य त्याग्नु पर्दछ । राज्यले तोकेको कर असुल गर्दा पक्षपाती व्यवहारहरू त्याग्नु पर्दछ । न्यायपालिकाको पुरानो दण्ड संहितालाई उल्लंघन गर्न हुन्न । अपराधीको दोषलाई न्यायपूर्वक केलाएर मात्र दण्ड दिने कार्य गर्नुपर्दछ ।

जुन देशमा सरकारको तर्फबाट उचित न्याय प्राप्त भइरहन्छ, त्यस देशका जनता सरकार देखि सन्तुष्ट र प्रसन्न रहन सक्छन् । जसले गर्दा उनीहरू देश सुरक्षा कार्यमा सहर्ष भागीदार बन्नेछन् ।

४) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो देशका अनुभवी वयोवृद्धहरूलाई आदर सत्कार, मान सम्मान र गौरव राख्ने गर्छन्, उनीहरूलाई उपेक्षा नगरी उनीहरूको अनुभव र राय सल्लाहलाई ध्यान दिने गर्छन्, तबसम्म वज्जीहरूको शासन सफल हुनेछ । तर उनीहरूलाई अवहेलना गरियो भने उनीहरूको तर्फबाट प्राप्त भइरहेको महत्वपूर्ण एवं ज्ञानवर्द्धक सल्लाह सुझावहरू गुमाउन पुगी देशलाई हानी पुग्नेछ ।

५) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्ना जनताका छोरी बुहारीहरूको उचित संरक्षण दिइरहन्छ, कसैको अपहरण गर्दैनन्, दुर्व्यवहार गर्दैन, तबसम्म उनीहरूको शासन सफल नै हुनेछ ।

६) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले राज नगर भित्र र बाहिर रहेका चैत्यहरू र देवस्थानहरूलाई मान, सम्मान र संरक्षण गरी राज्यको तर्फबाट दिनुपर्ने आर्थिक अनुदान समय समयमा दिइरहने गर्छ, यस कार्यमा लापरवाही गर्दैन, तबसम्म उनीहरूको राज्य शासन सफल भइरहने छ ।

७) लिच्छवीहरू ! जबसम्म वज्जीहरू सन्त र अरहन्त (पवित्र चित्र सहितका व्यक्तिहरू) लाई आदर गौरव राखी उनीहरूको सुरक्षा एवं सुब्यवस्था कार्यलाई कायम राख्दछ, तबसम्म उनीहरूको शासन ब्यवस्था सफल नै हुनेछ ।

दूरदर्शी भगवान् बुद्धले अशल राज्यको लागि दिनुभएको यस ज्ञानलाई पालन गर्नसक्नु नै हरेक राज्य शासकहरूको कर्त्तव्य हुनेछ । बुद्ध शिक्षानुसार आ-आफ्नो कर्त्तव्य नै धर्म हो । त्यसैले कर्त्तव्य पालन गर्नुनै धर्म पालन गर्नु हो । धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्ने प्रकृतिको नियम रहेको छ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ– "धम्मो हवे रक्खतीति धम्मचारी"



# दुर्लभ प्रव्रज्याको अनुभव

*(२५७० औं बुद्ध पूर्णिमा नागवहालको हिरक जयन्तीको उपलक्ष्यमा अस्थाई प्रव्रजित)*

✍ **विद्या लक्ष्मी शाक्य**

मेरो नाम विद्यालक्ष्मी शाक्य, म यहिं नागवहालमा हुर्केकी, पढेकी, बढेकी ठाउँ हो । मेरो बुबा जोगमान शाक्य, नागबहाल तारेमाम संघको दाफा भजनको गुरु हुनुहुन्छ । उहाँलाई नागबहालमा जोगमान शाक्य भनेर चिन्नु भन्दा ज्वाराकाजी दाई, ग्वाराकाजी बाज्या भनेर चिनिन्छ भने उहाँको मामाघर हःखामा उहाँलाई इलनदाइ, इलानबाज्या भनेर चिनिन्छ उहाँ ८४ वर्षको उमेरमा २०५४ साल बैशाख महिनाको अक्षयतृतीयाको दिन क्वापत (हिरण्यवर्ण महाविहारमा) भजन सकेर आउनुभई घरमा विहन ८ बजेतिर बित्नुभएको थियो । त्यस्तै मेरी आमा बेतिमाया शाक्य जसको प्रेरणाले बुढानिलकण्ठमा १० दिने ध्यान भावना बस्ने मौका मैले पाएँ । त्यस्तै धवावहिल पतको विहारमा आमाकै प्रेरणाले विहान-विहान बुद्धपूजा ञाणपुणिक भन्ते, कालु भन्तेहरूसँग परिचय भयो । त्यस्तै शाक्य सिंह विहार थैनामा तःधिम्ह भन्ते (प्रज्ञानन्द महास्थविर) बुद्धघोष भन्ते मेरो आमाका गुरुवर हुनुहुन्छ । मेरी आमा ७२ वर्षमा २०४५ सालको विजया दशमी टिकाकै दिन वीर हस्पिटलमा बित्नुभयो । उहाँहरूकै कान्छी छोरी म ।

हुनत आमा बुबा बित्नु भएपछि एक्लै भएपछि सदाको लागि प्रव्रजित जीवन बिताउने इच्छा थियो । त्यसकारण आजभन्दा ५ वर्ष अगाडि पाटन सुन्धाराको जयमंगल विहार चंकी टोलमा अनुपमा गुरुमां कहाँ ९ महिना ऋषिणी भई ८ महिना प्रव्रजित गुरुमां हुने मौका प्राप्त गरें । त्यतिबेला पनि सदाको लागि बाँकी जीवन प्रव्रजित गुरुमां भएर बिताउने इच्छा हुँदा-हुँदै मेरो पूर्व संस्कारको कारणले होला सायद मेरो इच्छा पूर्ण हुन सकेन । दुर्लभ प्रवज्या हुन पाउँदा म अत्यन्तै खुशी थिएँ । त्यतिबेला गुरुमां भएर ध्यान भावना गर्ने इच्छा पूरा गर्न नसकेकोले आजभन्दा ४ वर्ष अगाडि वर्षावासको अवसरमा ३ महिना अस्थाई प्रव्रजित भएर अन्तर्राष्ट्रिय ध्यान भावना केन्द्र शंखमूलमा ध्यान भावना गर्ने मौका प्राप्त भयो ।

त्यसपछि एकपटक भगवान् बुद्ध जन्मिनु भएको ठाउँ लुम्बिनीमा आई प्रव्रजित हुने इच्छा जाग्यो र २०८१ साल पुर महिनाो १० गते देखि १७ गतेसम्म सातदिन दुर्लभ प्रव्रज्या शिविरमा राजकीय थाई विहारको २९ औं वार्षिक उत्सवको उपलक्ष्यमा प्रव्रजित हुने सुअवसर प्राप्त भयो । त्यस्तै एकपटक भगवान् बुद्धको त्रिसंयोग बुद्ध जयन्तीमा एकपटक प्रव्रजित हुने इच्छा जागृत भएकोले चिकँवहि, भिन्छे वहाल, गुइतलमा बुद्धजयन्तीको पालोमा प्रव्रजित हुने कोसिस गरे तर मौका मिलेन । यसपाली नागवहालको हिरक बुद्ध जयन्तीमा अस्थाई श्रामणेर र अनागारिका हुने कुरा थाहा पाउनसाथ आफ्नै टोलमा हुनेवेला कसरी प्रव्रजित नबन्ने भनेर आफूमात्र बन्ने नभई अरू इच्छुक साथीभाई, छरछिमेकी र आफन्तहरूलाई फोनद्वारा कसै-कसैको घर-घरमा गएर खबर गर्दा कसैले "कपाल भनेको महिलाको सौन्दर्य हो कपाल बिना अनुहार रूपै बेरूप हुन्छ नाई भनेर इन्कार गऱ्यो त कोहिले मच्छेन्द्रनाथको जात्राको बेला छ आफन्तहरू नखत्या बोलाउनुपर्छ मिल्दैन भन्यो त कसैले आउने इच्छा छ तर मेरो समधिका छोराको बिहे त्यहिबेला परेकोले आउन मिलेन" भन्यो । यसरी विभिन्न व्यक्तिको विभिन्न जवाफ पाएँ । मैले प्रव्रजित हाुने फारम ५ वटा कुटी वहालको जुजुभाई  भाइसंग लिएर आई घरघरमा गएर फारम भराइकन, आफै फारमहरू बुझाउन गएँ । गुनलक्ष्मी तता र उहाँका श्रीमान् पूर्णकाजी शाक्य, मणिराम चौधरी सानेपा जेनिश शाक्य इमाडोलर म स्वयंले फारम भरेर बुझाएँ र बैशाख ५ गते अस्थाई प्रव्रजित  हुनेहरूको ओरियन्टेशन क्लासमा उपस्थित भएँ । र बैशाख ८ गते नागबहालमा कपाल काट्ने खौरने काम श्रामणेरहरू भन्तेहरूबाट र प्रव्रजित गुरुमां हुनेहरूलाई प्रव्रजित गुरुमांहरूबाट सम्पन्न गर्नुभयो र कपाल काटीसके पछि श्रामणेरहरूलाई चीवर र गुरुमांहरूलाई प्रव्रजित वस्त्र प्रदान गर्नुभयो र वस्त्र धारणा पश्चात् धाःवाजा सहित शुरुमा अस्थायी भन्ते श्रामणेरहरू र त्यसपछि अस्थायी गुरुमांहरू लाइनबद्ध भएर नागवहाल

देखि शंखमूल विहारसम्म पैदलयात्रा गऱ्यौं । त्यतिबेला मेरो मनमा भगवान् बुद्धको पालामा पनि यसरी नै बुद्ध सहित ५०० जना १००० जना भिक्षुहरू सहित यसरी नै लस्करै भिक्षाटन जानु हुने होला भनेर अनायासै मेरो मनमा आयो र हर्ष र खुशी दुवै भाव मिसेर प्रीति सुखको अनुभव भयो ।

अन्तर्राष्ट्रिय ध्यान केन्द्र शंखमुलमा पुगेपछिको कुन कोठामा परेछ हेर्न नोटिस बोर्डतिर लाग्यौं । म, धनलक्ष्मी, दिना ५ नम्वर कोठामा परेछ । कोठामा गई आफूले लगेको तन्ना सिरक खोल मिलाउनतिर लागें । त्यसपछि हात मुख धोएर, माथी धम्महलमा ध्यान बस्न गयौं । त्यसपछि बेलुका सर्वत पिएर धम्महल आई मैत्री भावना सबैजना संगै पाठ गरी ९:३० तिर आफ्नो कक्षामा आइयो । र भोलिपल्ट ४ बजेको घन्टी बज्न अगाडि नै उठेर शौच, योग अलि गरेर त्यसपछि ५ बजे धम्महलमा ध्यान बस्न गयौं । पाउने ६ बजे नापको भन्तेबाट बुद्धपूजा गराउनु भयो र ६ बजे जलपानको लागि घन्टी बजेपछि सबै लाइनबद्ध रूपमा पहिले श्रामणेर भन्तेज्यूहरू, त्यसपछि प्रव्रजित नयाँ भवनतर्फ बिस्तार-बिस्तार लाग्यौं । जलपानपछि चंक्रमण १ घण्टा त्यसपछि ध्यान १ घण्टा । पुगेका ३ दिनदेखि विहान ८ बजेदेखि १० बजेसम्म ध्यान अनुभव जाँच कोही विमलञ्ञाणी गुरुमां कहाँ कोही अग्गञाणी कोही बर्मिज गुरु सायदो पञ्ञा श्री भन्ते कहाँ । त्यसपछि ११ बजे भोजनको घण्टी लागेपछि त्यस्तै लाइनबद्ध भएर भोजन हलमा जान्थ्यौं । र दिउँसो ३ बजे देखि ४ बजेसम्म एक घण्टा बर्मिज कर्मथान भन्ते पञ्ञा श्री ज्यूबाट ओवाद (धर्मदेशना) सतिपट्ठान ध्यान भावना सम्वन्धी दिनुहुन्थ्यो र त्यको भाषा अनुवाद अग्गञाणी गुरुमांबाट र उहाँको अनुपस्थितिमा विमलञाणी गुरुमांहरूबाट सरल र बुझ्न सजिलो भाषामा अनुवाद गर्नुहुन्थ्यो । र ४ बजे सर्वत् पान कहिले उखुको रस, कहिले भुईंकटरको रस, कहिले अनारको रस, योगीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर फ्रेस रसहरू पान गराउनु हुन्थ्यो । १ घण्टा ध्यान भावना १ घण्टा चंक्रमण गरी ८ बजे पाचक र तातोपानी ख्वाउनु हुन्थ्यो । ९ बजे बेलुका पमोदिता गुरुमांबाट मैत्रीभाव पाठ गराउनु हुन्थ्यो । त्यसपछि दिनभरिको कार्यक्रम सकिन्थ्यो । यसरी बैशाख ८ गते देखि बैशाख १९ गतेसम्म निरन्तर रूपमा समय तालिकानुसार हाम्रो कार्यक्रम सुचारू रूपले सञ्चालन सम्पन्न भयो । १९ गतेको दिन समापन समारोहमा हामी २७ जना श्रामणेर ४८ जना प्रव्रजित गुरुमांहरू सयादोको बरदकमलबाट प्रमाणपत्र पनि प्राप्तभयो र ग्रुप फोटोहरू पनि खिचायौं । यसरी सबै कार्यक्रम समय अनुकूल नै सम्पन्न भएकोमा अस्थायी प्रव्रजितका संयोजक अमिता धाख्वा तथा वहाँको टीम भोलन्टियरहरू र दैनिक हामीलाई स्वास्थ्यकर खाना बनाएर ख्वाउनु हुने भान्छाका दिदी-बहिनी तथा सरसफाई गर्ने दिदी-बहिनीहरू र अन्तर्राष्ट्रिय ध्यान केन्द्रका आवासिय भन्ते, गुरुमांज्यूहरू सम्पूर्णमा धेरै-धेरै साधुवाद तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यस्तै नागवहाल हिरक बुद्ध जयन्तीका आयोजक कमिटीका सम्पूर्ण प्रतिपनि आभार व्यक्त गर्न चाहन्छु ।


भगवान् बुद्धले "पब्बजित भावो लोकस्मि" भनेर भन्नु भएको अर्थ यसपालिको प्रव्रजितबाट अझ गहिरिएर राम्रोसंग बुझ्ने मौका पाएँ । किनकि मैले प्रव्रजित बन्न साथीभाई आफन्त छर-छिमेकीलाई पनि सहभागी बन्नकोलागि बिन्ति अनुरोध गर्दा कतिजना आउने इच्छा भएरपनि घरपरिवारको कारणले यतिसम्मकि फारम समेत भरेर बुझाइसकेको जेनिस बहिनी लास्ट आवरमा आएर आफ्नो माइतीको बुबाको मुटुको अपरेशन हुने कारणले गर्दा आउन सक्दिन भनेर खबर गरियो । साँच्चिकै दुर्लभ अस्थाई प्रव्रजत हुन पनि पूर्व संस्कार नभैकन नहुने रहेछ भन्ने कुरा प्रष्ट बुझियो । त्यस्तै नागवहाल भित्र नै घरैपच्छि छोरी, छोरा, बुहारी, नाति, नातिनीहरू धेरैजना भए पनि प्रव्रजित हुने मौका प्राप्त गरेनौं । एउटा परिवारबाट ६ जना छोरी बुहारी, आसाभोत, माधुरी, हेराशोभा, नानीशोभा, नानीदेवी र निनीको छोरी शान्ति गरी ६ जनाको भागलिने तथा सहभागी हुने अवसर प्राप्त गरी एउटा उद्धाहरणीय परिवारको रूपमा नमूना भएकोमा म अति हर्षित छु । मेरो परिवारबाट पनि म मात्र प्रव्रजित हुने सुअवसर प्राप्त गरेकी छु । तर म अस्थायी भए पनि कपाल काटेर गुरुमां ड्रेस अथवा गुरुमां भएको स्वरूप मेरो आमा बुबाले हेर्न पाउनु भएन, देख्न पाउनु भएन । यदि म प्रव्रजित भएको मेरो आमा-बुबाले देख्न पाउनु भएको भए कति खुशी हुनुहुनेहोला । मैले यसरी ४ पल्टसम्म अस्थायी दुर्लभ प्रव्रजित हुन पाएको श्रेय, मैले मेरो आमा-बुबा जीवित बेला उहाँहरूको सेवा सुसार गर्ने मौका पाएको पुण्यफल जस्तो लाग्दछ ।

भवतु सब्ब मंगलम् ।

# वाक फर पिस अर्थात् शान्तिपदयात्रा टोली धर्मकीर्ति विहारमा

*२०८३ असार १ गते, सोमबार*

विश्व शान्तिको लक्ष राखी अमेरिकामा १०८ दिनसम्म लगातार भियतनामी भिक्षु पञ्ञाकारको नेतृत्वमा ३७ सय किलोमिटर शान्तिपद यात्रा सम्पन्न गरिएको थियो। प्राप्त समाचार अनुसार अमेरिकाको टेक्ससबाट शुरु गरिएको उक्त शान्तिपद यात्रामा सहभागी यात्रीहरूले लुधियाना, मिसिसिपि, अल्भामा, जर्जिया, दक्षिण क्यारोलिना, उत्तर क्यारोलिना भर्जिनिया र मेरीलैण्ड हुँदै वासिंगटन डि.सि. सम्म पैदल यात्रा गरी सफलतापूर्वक १०८ दिने शान्तिपद यात्रा सम्पन्न गरिएको बुझिएको छ।



*शान्तिपद यात्राका प्रमुख भियतनामी भिक्षु पञ्ञाकार शान्ति विषयमा धर्मदेशना गर्नुहुँदै*

उक्त शान्तिपद यात्रामा आलोक नाम गरिएको कुकुरले पनि भाग लिएको थियो।

सन् २०२२ मा भारतमा पदयात्रा गर्दा कलकत्ताबाट पछ्याउँदै आएका उक्त कुकुरलाई अमेरिकामा गरिएको १०८ दिने शान्ति पद यात्रामा सहभागी गराइएको थियो।

संस्कृतमा आलोक अर्थात् प्रकाश नाम गरिएको यस कुकुरको शान्तिपूर्ण एवं मिलनसार बानी-व्यवहार, नयाँ ठाउँका नयाँ मानिसहरू बिच पनि धुलमिल भएर गर्ने मिलनसार बानी व्यवहारले आलोक कुकुरले मानिसहरूको मन जित्न सफल भई उसले विश्वभर लोकप्रिय एवं आकर्षक पात्र बन्न सफल भएको छ।

अमेरिकामा सम्पन्न १०८ दिने शान्तिपद यात्राको सफलता पछि भिक्षु पञ्ञाकरको नेतृत्वमा १८ जना यात्रुहरूको टोलीले बुद्ध जन्मभूमि नेपालमा शान्तिपत्र यात्रागरी शान्तिको सन्देश फैलाउन बुद्ध जन्मस्थल



*शान्ति सन्देश फैलाउने अभियानमा सम्मिलित कुकुर आलोक धर्मकीर्ति विहारमा*

लुम्बिनी पुग्नु भएको छ। बि.सं. २०८३ जेठ ३१ गते लुम्बिनीस्थित अखण्ड शान्तिदीप देखि मायादेवी मन्दिरसम्म उक्त टोलीले पैदल यात्रा गरेको थियो।

२०८३ साल असार १ गतेका दिन यस टोलीले बौद्ध, चारुमती विहार, स्वयम्भू, आनन्दकुटी विहार र राष्ट्रपती भवन पुगी राष्ट्रपती रामचन्द्र पौडेलसंग भेटघाट पश्चात् उक्तटोली काठमाडौं स्थित सेतो मच्छेन्द्रनाथ पैदल भ्रमण गर्नुहुँदै साँझपख धर्मकीर्ति विहारमा पुग्नु भएको थियो।

धर्मकीर्ति विहार संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकार एवं सदस्य मदनरत्न मानन्धरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष डा. धम्मवती गुरुमांले उक्त टोलीलाई फूलको



*भिक्षु पञ्ञाकारलाई फूलको गुच्छाले स्वागत गर्नुहुँदै श्रद्धेय डा. धम्मवती गुरुमां*

गुच्छा, चैत्य एवं सिद्धार्थ कुमारको प्रतिमा उपहार स्वरुप प्रदान गर्नुभएको थियो। यसरी नै धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमांहरूबाट पनि उपहारहरू प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए। यसको साथसाथै कार्यक्रममा सहभागी उपासक-उपासिकाहरूले पनि आ-आफ्नो श्रद्धानुसार उपहार प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए।

कार्यक्रममा शान्ति पदयात्राका टोली प्रमुख भियतनामी भिक्षु पञ्ञाकारले शान्तिको परिभाषा दिनुहुँदै शान्ति बाह्य भौतिक चीजबस्तुहरू लगायत बाहिरी संसारमा खोजेर पाइने तत्व होइन। वर्तमान अवस्थामा आफ्नो स्वच्छ मनलाई एकचित्त एकाग्र गरी २४ औं घण्टा फेरिराखेको श्वास प्रश्वासको गतिविधिलाई मनले नियालेर हेर्ने काम दिएर प्राप्त गर्न सकिने सल्लाह दिनुभयो। यसरी नै उहाँले आफ्नो भ्रमण टोलीमा सहभागी हुँदै आइरहेका आलोक कुकुरलाई साधारण कुकुरको रूपमा होईन शान्तिको सन्देश फैलाउँदै आएका एक कल्याण मित्रको रूपमा चिन्नको लागि पनि सल्लाह दिनुभयो।



*श्रद्धेय भिक्षु पञ्ञाकारलाई चैत्य उपहार प्रदान गर्नुहुँदै श्रद्धेय डा. धम्मवती गुरुमां*

***"कुलो खन्नेले आफूलाई चाहिएको ठाउँमा पानी लैजान्छ, बाणकारकले आफूलाई चाहिए बमोजिम बाण बनाउँछ, सिकर्मीले आफूलाई चाहिए बमोजिम काठ तयार गर्छ र त्यस्तै धर्मनिरत व्यक्तिले आफूलाई दमन गर्दछ।"***

***"जुन शरीर अस्थिर छ, घाउ-दर्दले पूर्ण छ, नानाविधि संकल्पले भरिपूर्ण, छापासमान सिंगारिएको यो विचित्र शरीर हेर !"  - धम्मपद***

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

क्र.सं. ९८२

**कमला कंसाकार, देऊजा**

सीतापाईला

रु. २०५०/-

क्र.सं. ९८३

**संयुक्त देवी कंसाकार**

क्षेत्रपाटी, काठमाडौं

रु. २०५०/-

## धर्मकीर्ति पत्रिकालाई सहयोग

धर्मकीर्ति पत्रिकाको धर्मप्रचार कार्यमा उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै श्रद्धालु दाताहरूले रकम सहयोग प्रदान गरी पुण्य सञ्चय गर्नुभएका छन् दाता उपासकहरूको आयु-आरोग्य एवं मंगल मैत्रीको कामना गरिएको छ।

**धर्मकीर्ति पत्रिका परिवार सहयोग विवरण :–**

| क्र. सं. | दाताको नाम र ठेगाना | सहयोग रकम |
|---|---|---|
| १ | कुलामान बुद्धाचार्य<br>पोखरा महानगर पालिका<br>वडा नं. १,<br>मोहरिया टोला घर नं. ४४ | रु. १०००/- |
| २ | विकाश शाक्य<br>वटु, काठमाडौं | रु. १०००/- |

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८३ बैशाख, जेठ, असार | बुद्धपूजा गर्नुहुने प्रव्रजित गुरूमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरूमांहरू |
|---|---|---|---|
| १ | बैशाख ८ गते अष्टमी, शुक्रबार | सुवण्णवती | सुवण्णवती |
| २ | बैशाख १८ गते बुद्ध पूर्णिमा, शुक्रबार | खेमावती | धम्मवती |
| ३ | बैशाख २७ गते अष्टमी, आइतबार | दानवती | दानवती |
| ४ | जेठ १ गते संक्रान्ति, शुक्रबार | पञ्ञावती | पञ्ञावती |
| ५ | जेठ २ औंशी, शनिबार | केशावती | केशावती |
| ६ | जेठ १० गते अष्टमी, आइतबार | वण्णवती | वण्णवती |
| ७ | जेठ १७ गते अनला पुन्हि, आइतबार | खेमावती | धम्मवती |
| ८ | जेठ २५ गते अष्टमी, सोमबार | त्यागवती | त्यागवती |
| ९ | असार १ गते संक्रान्ति औंशी, सोमबार | जवनवती | जवनवती |

**अनूपवादो अनूपघातो – पातिमोक्खे च संवरो**
**मत्तञ्ञुता'च भत्तस्मिं – पन्थञ्च सयना'सनं।**
**अधिचित्ते च आयोगो – एतं बुद्धान' सासनं**

**सुयातं नं निन्दा मयाय्‌गु, सुयात नं घात मयाय्‌गु, भिक्षु नियम पालन याय्‌गु, भोजनया मात्रा ज्ञान सीकेगु, एकान्तय् बास याय्‌गु, ध्यानय् मन लगे याय्‌गु। थ्वहे बुद्धपिनिगु उपदेश खः।**

**कसैको निन्दा वा हिंसा नगर्नु, कसैलाई पीडा नदिनु।**
**प्रातिमोक्षका शील नियम पालन गर्नु।**
**आहारमा मात्राको ज्ञान राख्नु।**
**एकान्त बास गर्नु र आफ्नो चित्त शुद्धिको लागि योग अभ्यास गर्नु।**

**– यही बुद्धहरूको शिक्षा हो।**



## नेपाल बौद्ध परियत्ति शिक्षाको परिक्षा नतिजा

धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र बुद्ध सम्वत् २५६९

| कक्षाहरू | डिस्टिंक्शन | प्रथम | दोस्रो | तेस्रो | कूल उत्तिर्ण |
|---|---|---|---|---|---|
| कक्षा १ | ७ | १४ | २५ | ६ | ५२ |
| कक्षा २ | ६ | २१ | २५ | - | ५२ |
| कक्षा ३ | १५ | १० | १९ | १ | ४५ |
| कक्षा ४ | २ | १३ | २२ | - | ३७ |
| कक्षा ५ | १ | ६ | ५ | १ | १३ |
| कक्षा ६ | २ | १ | २ | - | ५ |
| कक्षा ८ | - | १ | ५ | ४ | १० |
| कक्षा ९ | - | - | १ | - | १ |
| कक्षा १० | २ | १ | ३ | - | ६ |

- उत्तिर्ण विद्यार्थीहरू जम्मा २२१ जना ।

नोट : बोर्ड स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई यस तालिकामा डिस्टिंक्शनको कोठामा राखिएको छ ।

नेपाल बौद्ध परियत्ति शिक्षा बुद्ध सम्वत् २५६९ को परीक्षामा धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट परीक्षा दिनुभई बोर्ड स्थान हासिल गर्न सक्षम विद्यार्थीहरूको कक्षा, नाम र श्रेणी यसरी रहेको छ –



**प्रमिला ताम्राकार**
*बोर्ड प्रथम, कक्षा १०*



**जयन्ति तुलाधर**
*बोर्ड तृतीय, कक्षा १०*




**अमिता मानन्धर**
*बोर्ड तृतीय, कक्षा ६*



**रबिना मानन्धर**
*बोर्ड तृतीय, कक्षा ५*

## नेक्खमी गुरुमां अभिनन्दित



**प्रव्रजित गुरुमां जुयाः ५५ दँ वैशय् नक्खमी गुरुमां**

२०८३ जेठ, यल ।

बि.सं. १९८२ सालय् यलया नकबहिली मां चिरिमाया शाक्य व बाः हर्षमुनि शाक्यया कोखं म्त्याय् मचाया रूपय् जन्म कया बिज्याःम्ह व आशामाया शाक्यया नामं म्हसीका बिया बिज्याःम्ह वसपोल बि.सं. २०२८ साल बैशाख महिनाय् भिक्षु रत्नज्योती महास्थविरया उपाध्यायत्वय् व दानपारमी गुरुमांया आचार्यत्वय् पूर्वाराम विहार धुलिख्यलय् नेक्खमी गुरुमां नामं प्रव्रजित जुया बिज्यात ।

परियत्ति शिक्षा कोविद तक अध्ययन याना बिज्याःम्ह वसपोल नेक्खमी गुरुमामं ५५ दँ तक थःगु जीवन बुद्ध शिक्षा प्रचार-प्रसार ज्याय् पाना बिज्यात । थुगु योगदानयात कदर यासे व वसपोल सच्छिदँ दुगु उपलक्षे थीथीगु बौद्ध संघसंस्था, स्थानिय तह, थीथी सामाजिक संघसंस्था व वसपोलया छ्यँजःपिसं नं वसपोल गुरुमांयात सार्वजनिक अभिनन्दन याःगु बुखँ प्राप्त जूगु दु ।

थुगु ज्याभ्वले अखिल नेपाल भिक्षु महासंघया कार्यकारिणी दुजः भिक्षु पञ्ञारतन बुद्ध धर्मया औपचारिक शिक्षा, नेपाल बौद्ध परियत्ति शिक्षा ब्वंकेगु व बुद्ध शासन ख्यलय् यक्वों गुहालि याना बिज्याःम्ह वसपोल गुरुमांया अमूल्य योगदानयात कदर यासे थुगु अभिनन्दन ज्याभ्वः न्ह्याःगु विषय चर्चा याना बिज्यात । ❁

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ५४ क्वःगु वार्षिक भेला क्वचाल

थौं न्हिल्याः ने.सं. ११४६ बछलागा सप्तमी (२०८३ वैशाख २६ गते) शनिबाः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ५४ क्वःगु वार्षिक भेला क्वचाल ।

धर्मकीर्ति विहार प्रमुख नापं गोष्ठीया नायः श्रद्धेय डा. धम्मवती गुरुमांया अध्यक्षताय् जूगु उगु ज्याभ्वलय् विहारया आवासिय गुरुमांपिं, गोष्ठीया दुजःपिं, शनिवारीय कक्षाया प्रवचकपिं नापं गोष्ठीया दुजःपि. नापनापं मेमेपिनिगु नं उपस्थिति दुगु खः ।

श्रद्धेय इन्दावती गुरुमांपाखें शील प्रार्थना याका बिज्यास्य न्ह्याःगु उगु ज्याभ्वलय् गोष्ठीया छयाञ्जे मयजु लोचनतारा तुलाधरजुं वार्षिक प्रतिवेदन न्ह्यब्वया दिल । अथे हे आर्थिक प्रतिवेदन दाँभरी रामकुमारी मानन्धरजुं, शनिवारीय कक्षाया प्रतिवेदन ल्यू छ्याञ्जे भाजु मचाकाजी महर्जनजुं व धर्मकीर्ति पुस्तकालयया प्रतिवेदन मयजु मीनशोभा शाक्यजुं न्ह्यब्वःगु जुल ।

उगु ज्याभ्वःलय् भाजु श्यामलाल चित्रकारजु 'धर्मकीर्ति अश्वघोष सम्मान' व मयजु प्रतिमा मानन्धरजु 'धर्मकीर्ति धम्मवती सम्मानं' सम्मानित जुया दिइगु खः । वयकःपिन्त श्रद्धेय डा. धम्मवती गुरुमांनं विशेष हना पौ लः ल्हाना बिज्यागु खः । उगु हना पौ नापं माःगु ज्वलं डा. रिना तुलाधर बनियाजुं प्रायोजन यानादिइगु खः ।

अथे हे वंगु २०८२ जेष्ठ १० गते निसें थौं २०८३ वैशाख २६ गतेतक शनिवारीय कक्षा कयाबिज्यापिं/दिइपिं प्रवचकपिं श्रद्धेय पञ्ञावती गुरुमां, श्रद्धेय इन्दावती गुरुमां, स.प्रा. मदनरत्न मानन्धर, डा. त्रिरत्न मानन्धर, डा. रिना तुलाधर बनिया, स.प्रा. उर्मिला ताम्राकार, मयजु लोचनतारा तुलाधर, डा. सुमन कमल तुलाधर, मयजु दीना कंसाकार, मयजु सुमी शाक्य, सविना शाक्य व सृजना शाक्यजुपिन्त धर्मोपहार लःल्हाःगु खः ।

अथे हे धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजःपिं मयजु डा. सुमन कमल तुलाधरजु व डा. रिना तुलाधर बनियाजुयात भाषा, साहित्य व बुद्धधर्मया क्षेत्रय् यानादिइगु योगदानयात काठमाडौं महानगरपालिका २७ वडा सम्मानपाखें, मयजु लोचनतारा तुलाधरजुयात मास्टर्स इन पालि बुद्धिष्ट स्टडिजय् अप्वः ल्याःहयेत ताःलाःगुलिं उदाय् समाजपाखें हर्षरत्न लक्ष्मी प्रभा सिरपा व दिगुख्यः गुथिपाखें न्हुच्छेरत्न अमरशोभा सिरपाः, मयजु प्रेमलक्ष्मी तुलाधरजुयात उदाय् समाज पाखें रश्मी वीर सिं कसाः सिरपाः पाखें सम्मानित जूगुयात कया हना पौ लःल्हाःगु खः । अथे हे भाजु सोभियत रत्न तुलाधरजुयात पालि बुद्धिष्ट स्टडिज् विषयस स्नात्तकोत्तर उतीर्ण जुइत ताःलाःगुलिं व 'भिक्षुणी धम्मवतीया व्यक्तित्व व कृतित्व' विषयस थेसिस च्वया दिइगुलिं अमृत रत्न ताम्राकारजुयात हना पौ लःल्हाःगु खः ।

अथे हे वंगु दँय् जूगु प्रवज्या दिवस व हाजिरी-जवाफया संयोजक इन्द्रमान महर्जन, गुरुपूजाया संयोजक रामकुमारी मानन्धर व वार्षिक भेला २०८३ या संयोजक सुमित्रा तुलाधरजुयात संयोजक जुया ज्यायाना दिइगुलिं धर्मोपहार देछाःगु खः ।

श्रद्धेय डा. धम्मवती गुरुमां नं ओवाद बियाबिज्यासे थःम्ह न्यनागु ज्ञानयात चिन्तनयाना व्यवहारय् छ्यला यंकाः बुद्धधर्मयात च्वन्ह्याकेगु ज्याय् न्ह्याबलें न्ह्याःवना च्वने फयेमाः धैगु सुवाः बिया बिज्यात । नापं न्हूगु कार्यसमितिया सकल पदाधिकारी तथा दुजःपिन्त अध्ययन गोष्ठीपाखें बांलाक ज्या याये फयेमा धैगु आशिस बिया बिज्यात ।

गोष्ठीया ल्यू दाँभरि दीना कंसाकारजुं ज्याभ्वः न्ह्याका उगु ज्याभ्वलय् गोष्ठीया उपाध्यक्ष श्रद्धेय इन्दावती गुरुमानं लसकुस न्वचु बियाबिज्याःगु खः । अथे हे गोष्ठीया दुजः व संयोजक मयजु सुमित्रा तुलाधरजुं सुभाय् देछाना दिइगु खः ।

अनं लिपा श्रद्धेय डा. धम्मवती गुरुमांया अध्यक्षताय् थुगु गोष्ठीया ज्यासना पुचः नं न्हूधाः जूगु खः । न्हूगु ज्यासना पुचःया नां थथे दु ।

अध्यक्ष श्रद्धेय डा. धम्मवती गुरुमां, उपाध्यक्षपिं श्रद्धेय इन्दावती गुरुमां, श्रद्धेय वीर्यवती गुरुमां व लोचनतारा तुलाधर, सचिव मचाकाजी महर्जन, सह-सचिव इन्द्रमान महर्जन, दाँभरि रामुकमारी मानन्धर, सह-कोषाध्यक्ष दीना कंसाकार व दुजःपिं उर्मिला ताम्राकार, सरोज मानन्धर, सुभद्रा स्थापित, सुमित्रा तुलाधर, उर्मिला तुलाधर, केशब डंगोल,व अञ्जना तारा तुलाधर खः ।

गोष्ठीया ५४ क्वःगु वार्षिक भेलाय् सम्मानित जुया बिज्यापिं/दिइपिं सकसितं गोष्ठी पाखें आपालं लसहना नापं भितुना नापं ज्याभ्वः ताःलाक क्वचायेकेत माःगु ग्वाहाली याना बिज्यापिं श्रद्धेय गुरुमापिं लगायत सकसितं साधुवाद देछाःगु दु । ❁

*प्रस्तुती- मचाकाजी महर्जन*

## नेपालया खुम्हम्ह संघनायक दिवंगत श्रद्धेय अश्वघोष महास्थविर शतवार्षिकी ज्याङ्वः हन

वंगु ने.सं. ११४६ अनलाथ्व सप्तमी (२०८३ जेष्ठ ९ गते) शनिवाः धर्मकीर्ति विहार संरक्षण कोष व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया मंकाः ग्वसालय् नेपाःया खुम्हम्ह संघनायक श्रद्धेय दिवंगत अश्वघोष महास्थविरया शतवार्षिकी ज्याभ्वः भ्वँतया ध्यानकुटी विहारय् क्वचाल । निब्वथलाः न्ह्याकूगु उगु ज्याभ्वलय् न्हापांगु ब्व कथं प्रव्रज्या दिवस हनेगु व लिपायागु ब्व कथं शतवार्षिकी ज्याभ्वः जूगु खः ।

प्रव्रज्या दिवसया ज्याभ्वःस धर्मकीर्ति विहार संरक्षण कोषया उपाध्यक्ष श्रद्धेय खेमावती गुरुमांया सभापतित्वय् न्ह्याःगु उगु ज्याभ्वःलय् श्रद्धेय राहुल महास्थविर भन्तेपाखें पञ्चशील प्रार्थना याका याना बिज्याःगु खः । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उपाध्यक्ष मयजु लोचन तारा तुलाधरजुं लसकुस न्वचु बियादिसे श्रद्धेय अश्वघोष महास्थविर भन्ते नं बुद्धधर्मया ख्यलय् पिना बिज्याःगु पुसा थौं स्वाँ जुया ह्वःगु दु धया दिसे चिचिधंगु खय् होस् तयेमाः धयागु बारे कनाच्वना बिज्याइगु लुमंका दिल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पूर्व सचिव इन्द्रकुमार नकःमिजुं विस्तृत रूपं श्रद्धेय अश्वघोष भन्तेया जीवनी बारे कनादिइगु खः । अथे हे धर्मकीर्ति विहार संरक्षण कोषया दुजः मीना तुलाधरजुं बुद्ध सासनय् वस्पोलया योगदान बारे, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सल्लाहकार डा. सुमन कमल तुलाधरजुं वस्पोलया साहित्यिक योगदान व धर्मकीर्ति ज्ञानमाला भजन खलःया सचिव मयजु प्रेमलक्ष्मी तुलाधरजुं वस्पोलया गुणानुस्मरण यासे चिनाखँ वाचन यानादिइगु खः ।

व हे ज्याभ्वःलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् वि. सं. २०३५ सालय् न्हापांगु श्रामणेर प्रव्रज्या जूपिनि पाखें व हे इलय् श्रामणेर जुयाः बुद्धधर्म चिरस्थायी यायेत ग्वाहाली जुइगु कथं थौंतक नं भिक्षु जीवन हनाच्वना बिज्याःम्ह श्रद्धेय राहुल महास्थविर भन्तेयात हनापौ लःल्हाःगु खः ।

ज्याभ्वःस श्रद्धेय राहुल महास्थविर भन्ते नं ओवाद बिइगु भ्वलय् श्रद्धेय अश्वघोष महास्थविर भन्तेया गुणयात आदर्शकथं कायेमाःगु कना बिज्यासे वस्पोलं कना बिज्याःगु उपदेशयात व्यवहारय् छ्यलेमाःगु कना बिज्यात ।

सभापतिया न्वचु बिया बिज्यासे धर्मकीर्ति विहार संरक्षण कोषया उपाध्यक्ष श्रद्धेय खेमावती गुरुमां नं श्रद्धेय अश्वघोष महास्थविर भन्तेया गुण लुमंकुसे आयोजना जूगु थुगु ज्याभ्वः तसकं बांलागु धकाः लसता प्वंका बिज्यात । वस्पोलं गबलें नं भन्ते गुरुमांपिं धकाः भेदभाव याना बिमज्याःगु बारे कना बिज्यात । न्वचुया भ्वलय् थुगु ज्याभ्वः बांलाक क्वचायेकेत प्रत्यक्ष अप्रत्यक्ष ग्वाहालि याना बिज्याःपिं/दिइपिं सकसितं साधुवाद देछाना बिज्यात ।

थुगु न्हापांगु ज्याभ्वः धर्मकीर्ति विहार संरक्षण कोषया सह-कोषाध्यक्ष भाजु अरुणसिद्धि तुलाधरजुं न्ह्याका दिइगु खः ।

निब्वगु ज्याभ्वः नेपाःया खुम्हम्ह संघनायक दिवंगत अश्वघोष महास्थविर भन्तेया शतवार्षिकी ज्याभ्वः जूगु खः । नेपाःया च्याम्हम्ह संघनायक श्रद्धेय बोधिसेन महास्थविर भन्तेया सभापतित्वय् न्ह्याकूगु उगु ज्याभ्वलय् थीथी विहारं श्रद्धेय भन्तेपिं, धर्मकीर्ति विहार लगायत शाखा विहारया श्रद्धेय गुरुमांपिं, बनेपा नगरपालिकाया मेयर शान्तिराज शाक्य, बनेपा नगरपालिका वडा नं. ९ या कार्यवाहक अध्यक्ष मनिशा तामाङ्ग, धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजःपिं लगायत उपासकउपासिकापिं सहभागी दुगु खः ।

ज्याभ्वः सभापति जुया बिज्याम्ह संघनायक बोधिसेन महास्थविर भन्ते नं देवा च्याकाः उद्घाटन याना बिज्याःगु खः ।

ज्याभ्वःलय् श्रद्धेय दिवंगत अश्वघोष महास्थविरया गुणानुस्मरण यासे श्रद्धेय भद्दिय भन्ते, श्रद्धेय अशोक महास्थविर भन्ते, श्रद्धेय पुण्यवती गुरुमां, श्रद्धेय वीर्यवती गुरुमां लगायत स.प्रा. भाजु मदन रत्न मानन्धर, डा. रिना तुलाधर बनिया व मचाकाजी महर्जनजुं श्रद्धेय अश्वघोष महास्थविर भन्ते बारे थीथी कथं गुणानुस्मरण याना दिइगु खः ।

उगु ज्याभ्वलय् संघनायक बोधिसेन महास्थविर भन्ते व बनेपा नगरपालिकाया मेयर शान्तिरत्न शाक्यजुं श्रद्धेय अश्वघोष महास्थविर शतवार्षिकी स्मारिका मंकाः कथं विमोचन याना बिज्यात । नापं भिक्षु जीवन सफू नं इनेगु ज्या नं जुल ।

सभापतिया मन्तव्यया भ्वलय् संघनायक श्रद्धेय बोधिसेन महास्थविर भन्ते नं गुणानुस्मरण जक मखु उकियात व्यवहारय् नं छ्यलायंके फःसाजक धात्थें गुणानुस्मरण यानागु जुइ धया बिज्यासे बुद्धधर्म चीरस्थायी यायेगु ज्याय् दिवंगत अश्वघोष महास्थविरया तःधंगु योगदान दुगु कना बिज्यात ।

धर्मकीर्ति विहार संरक्षण कोषया सचिव प्रफुल्ल कमल ताम्राकारजुं न्ह्याका दिइगु उगु ज्याभ्वःलय् ज्याभ्वःया संयोजक अगम्य रत्न कंसाकारजुं धन्यवाद बिया दिइगु खः । ❀

*प्रस्तुती- मचाकाजी महर्जन*

## आमाको गुण



✍ **मीरा मानन्धर**, गौरीघाट

आमा ! तपाईंको सम्झना आउँछ निरन्तर
अमृत समान दूध पिलाउनु भयो पेट भर
जन्म दिनुभयो मलाई त्यसैले हेर्न पाएँ यो संसार
हात समात्दै हिँडाउनु भएकोले पाएँ टेक्ने आधार
मामा बाबा भन्न सिकाउनु भएकोले बोली फुट्यो मुखको
क,ख,ग,घ पढ्न सिकाउनु भएकोले महत्व थाहा पाएँ तपाईं गुरुको
पीर परेको अवस्थामा अमूल्य सल्लाह दिनुहुन्थ्यो ज्ञानको
यस गुणको ऋण कसरी तिर्ने भन्दै आज शरण परेकी छु बुद्ध शासनको






पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।


VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4226825 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# विश्वका भिक्षुणीहरू र नेपालसंगको सम्बन्ध

प्रस्तुती– लोचनतारा तुलाधर



भिक्षुणी प्रजापती गौतमीको अस्थिधातु बोक्नुहुँदै सुजाता गुरुमां



विश्वका भिक्षुणीहरू धम्मवती गुरुमांको साथमा भिक्षुणी प्रजापती गौतमीको प्रतिमा पनि साथमा राखिएको छ

**महाप्रजापति गौतमी :**

कपिलवस्तु दरवारको पूर्वी द्वारबाट बयोबृद्ध तर चालमा तन्दुरुस्त देखिने कपाल खौरिएकी काषय वस्त्र धारण गरेकी नारी जस्को पछाडि पाँच सय विभिन्न उमेर समुहकी नारीहरू पछिपछि हिँडिरहेका छन् । खाली खुट्टा हिँडिरहेका उनीहरूको नेतृ अरु कोहि थिएन, समृद्धशाली राज्य कपिलवस्तुको राजा शुद्धोदनकी कान्छी महारानी, देवदहकी सुपुत्री महाप्रजापति गौतमी थिए । अर्थात् शाक्यमुनि बुद्धकी सानी आमा । उनी नेपालकी सुपुत्री हुन् जसले सर्वप्रथम भिक्षुणी संघको स्थापना गरिन् ।

बैसाख पूर्णिमाको दिन लुम्बिनी बनमा सिद्धार्थ कुमार जन्म भयो । जन्मिएको सातौं दिनमा नै जन्मदाता आमा महामाया देवीको देहावसान पछि सानीआमा महाप्रजापति गौतमीले बालक सिद्धार्थ कुमारलाई दूध खुवाई पालन पोषण गरे । २९ वर्षको उमेरमा गृहत्याग गरी ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्ति पछि उनी बुद्ध भए । सम्यक सम्बोधि ज्ञान प्राप्ति पछि भगवान् बुद्ध गृहनगर कपिलवस्तु पाल्नु भई पिता राजा शुद्धोदन, माता महाप्रजापति गौतमी, यशोधरा आदिलाई ज्ञानको मार्गमा प्रतिष्ठित गरे ।यतिन्जेल नन्दकुमार, राहुल कुमार अन्य पाँच सय शाक्य कुमारहरू पनि प्रवज्या ग्रहण गरी भिक्षु भइ सके । पछि राजा शुद्धोदन अरहत फल प्राप्त गरी परिनिर्वाण भए । समय बित्दै जाँदा महारानी महाप्रजापति गौतमीलार्य वैराग्य भाव उत्पन्न भए । आफू पनि गृहत्याग गरी प्रवजित हुने संकल्प गरे । दुई पल्टसम्म गौतमी महारानीले भगवान् बुद्ध समक्ष भिक्षुणी हुने अनुमति मागेका थिए तर अनुमति पाएन । साथै पाँच सय शाक्य कुमारका पत्नीहरू पनि त्यस्तै मनसाय लिइ दरबारमा महाप्रजापति गौतमीसंग अनुरोध गर्न आए । यतिन्जेल बुद्ध शासनमा भिक्षुणी संघ बनेको थिएन । तत्कालीन समाजमा महिलाहरू घर बाहिर जान मनाहि थियो, गृह त्याग गरेर प्रवजित हुने कुरो त परै जावोस । तैपनि गौतमीले पुरुषहरूले जन्म मरण चक्रबाट मुक्ति हुने ज्ञान हासिल गर्न सक्छ भने महिलाले पनि अवश्य सकिन्छ भन्ने दृढ निश्चय गरी दरबार त्यागी जाने अठोट गरे । फलस्वरुप राज दरवारमा नै कपाल काटि दिने नाव बोलाई पाँच सय शाक्य कुमारी सहित सबैले आआफ्नो केश मुण्डन गरी काषाय वस्त्र धारण गरी राजदरबार तिलौराकोट कपिलवस्तुको पूर्वी ढोकाबाट खालि खुट्टा पैदल हिँडे । त्यहाँबाट उनीहरू २३०० कि.मी.हिंडेर भगवान्



*नेपालबाट लगिएको प्रजापति गौतमीको प्रतिमा अमेरिकाको धम्मधारिणी विहारमा*

बुद्ध विराजमान हुनु भएको स्थान बैशाली स्थित कूटागर विहार सम्म पुगे । त्यहाँबाट भगवान् बुद्धद्वारा राजमाता गौतमी साथै पाँच सय शाक्य कुमारीहरू पनि भिक्षुणी प्रवज्या दिलाए । यसरी इतिहासमा पहिलोचोटि बुद्ध शासनमा महिलाहरूले जन्म जरा मरणबाट मुक्ति पाउने ज्ञान हासिल गर्ने बाटो पाए र भिक्षुणी बन्ने अवसर पाए । यही कारणले आज आएर विश्वका भिक्षुणीहरूले २६०० वर्ष अगाडिको यस घटनालाई अत्यन्त श्रद्धापूर्वक मनन गरी बुद्धमाता गौतमीलाई बुद्ध शासनमा भिक्षुणी बन्नका लागी द्‌वार खुलाइदिनु भएको आदिमाताको रुपमा पूजा गरिरहेका छन् । यति मात्र नभएर यस वर्ष यूनाइटेड थेरवाद भिक्षुणी संघ इन्टरनेसनलको अगुवाइमा एक कार्यक्रम आयोजना गरे फूटस्टेप्स अफ महाप्रजापति गौतमी अनरिन्ना वूमन इन धम्मचारिका भन्ने नामाकरण गरी । यो अत्यन्तै नौलो हो । महारानी गौतमीले जसरी तिलौराकोट दरवारको पूर्वी ढोकाबाट पैदल हिँडी वैशाली पुगे त्यसरी नै भिक्षुणीहरूको समूह पैदल यात्रा गरी वैशाली पुग्ने ।जसरी गौतमीले बाटो भरी अनेकन दुख, कष्ट झेलेर नदी, खेत खोला तरेर धुलाम्मे बाटो पार गरे त्यसरी नै पैदल यात्रा गरेर प्राचीन पदमार्ग पछ्याएर गौतमीको पदचाप अनूभूति गरेर उनीप्रति श्रद्धा प्रकट गर्ने नै यो पदयात्राको उद्‌देश्य हो । दि लाइट अफबुद्ध धम्म फाउण्डेसन इन्टरनेसनल, भारतको संयोजनमा यूनाइटेड थेरवाद भिक्षुणी संघ इन्टरनेसनल, नवनालन्दा महाविहार, नालन्दा विश्व विद्यालय, बुद्ध सर्किट डट कम, नेपाल आदिले यो कार्यक्रम आयोजना गरिएको हो ।

**काठमांडौमा भिक्षुणीहरू :**

बुद्धमाता प्रजापति गौतमीको अभिनिष्क्रमण मार्गको चारिका गर्ने आयोजकको उद्‌देश्य रहेको भएता पनि आयोजक समुहका केही भिक्षुणीहरू कपिलवस्तु, लुम्बिनी जानु अघि काठमांडौ आइ पुगे । उनीहरू निश्चित उद्देश्यका लागि अमेरीकाबाट दिल्ली भएर काठमाँडौ पुगे । उनीहरूले भिक्षुणीहरूको लागि अन्तर्राष्ट्रिय राजदूत पाउला स्नोको रोहबरमा श्रीलंकाबाट भिक्षुणी गौतमीको अस्थिधातु चारिकाको लागि ल्याएका हुन् ।

**धर्मकीर्ति विहारमा श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको दर्शन :**

भिक्षुणी महाप्रजापतिको पवित्र अस्थि धातु पनि चारिकाको एक हिस्सा थियो । अस्थि धातु सहित उनीहरू सर्वप्रथम काठमांडौंको श्रीघः,नःघःस्थित धर्मकीर्ति बिहारमा आइ पुगे ।यसको कारण थियो उनीहरू धर्मकीर्ति विहार प्रमुख श्रद्धेय भिक्षुणी डां धम्मवती गुरुमांबाट आर्शिवाद लिने । सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक, महासद्धम्मजोतिक, वुमन अफ द इयर २०२४, भाषा थुवाः जस्ता थुप्रै उपाधिबाट सुसज्जित अनतर्राष्ट्रिय ख्याति प्राप्त ९२ वर्षिया वरिष्ठ भिक्षुणी धम्मवती गुरुमांको आशिर्वाद लिनु भनेको समस्त नारीजातिको लागि गौरवको कुरा हो । किनभने नेपालको थेरवाद बुद्ध शासन अघि बढाउन, महिलाहरूलाई शिक्षित बनाउनमा उनको योगदान अतुलनीय छन् ।

अनगारिका संघ, नेपालकी सचिव ञाणवती गुरुमां साथ क्यूबाकी भिक्षुणी माराजिना, इन्डोनेशियाकी भिक्षुणी थिताचारिणी र धम्मचारिणी, धम्मधारिणी अमेरिकाकी

भिक्षुणी कच्चायना आदि विभिन्न देशहरूबाट श्रीघः बहालमा पुगे । उनीहरूमध्येमा एकको हातमा भिक्षुणी गौतमीको पवित्र अस्थिधातु थिए भने एक जनाले उक्त अस्थि धातुलाई पहेंलो छत्त ओढाइएको थिए । उनीहरू पंक्ति बद्ध भएर सश्रद्धापूर्वक श्रीघः चैत्य परिक्रमा गरी धर्मकीर्ति विहार पुगेर भित्र धम्म हलमा बुद्ध वन्दना गरी श्रद्धेय धम्मवती गुरुमांको दर्शनार्थ गुरुमांको कोठामा पुगे । भिक्षुणी धम्मवती गुरुमां उनै हुन् जसले नेपालमा सर्वप्रथम बुद्धमाता भिक्षुणी गौतमीको मूर्ति स्थापना गरेर उनी भगवान् बुद्ध समक्ष भिक्षुणी बनेको दिन मधु पूर्णिमा (येद्या पुन्ही) लाई भिक्षुणी दिवस मनाउने प्रथा थाले । नेपालको ललितपुरमा बनेको भिक्षुणी गौतमीको मूर्ति आज धेरै विहारहरूमा स्थापना भइसके । सोहि मूर्ति ती १३ देशका भिक्षुणीहरूले अर्डर दिएका रहेछन् । यसरी नेपालको कलाकृतिले विदेशीको मनमा ठाउँ लिए । श्रद्धेय धम्मवती गुरुमांको दर्शन गर्न आउने भिक्षुणीहरूलाई गुरुमांले अन्तर्राष्ट्रिय यूनाइटेड भिक्षुणी संघलाई माटोको एउटा र फाइबरको एउटा मूर्ति उपहार स्वरुप दिनु भयो र अरु १३ वटा देशका प्रतिनिधि भिक्षुणीहरूले आ-आफ्नो देशका लागी फाइबरको मूर्ति लिए । यहाँदेखि भिक्षुणी गौतमी चारिकाको लागि पवित्र अस्थिधातु संगै नेपालमा बनेको गौतमी मूीर्त पनि संगसंगै गए ।

यतिले नेपालसंगको सम्बन्ध कहाँ टुंगिनु । आयोजकहरूको कपिलवस्तुदेखि वैशालिसम्मको चारिकामा भिक्षुणी महाप्रजापति गौतमीको भूमिका निभाउने पात्र चयन गर्नु थियो । यसको लागि उनीहरूले नेपालको शाक्य कुलमा जन्मिएकी भिक्षुणी सुजातालाई चयन गरियो । भिक्षणी सुजाता अन्तराष्ट्रिय ख्याति प्राप्त वरिष्ठ विपस्सनाचार्य हुन् । कार्यक्रम अनुरुप उनले लुम्बिनीमा विभिन्न देशका ईच्छुक उपासिकाहरूलाई अल्पकालिन श्रामणेरी, अनगारिका प्रवज्या दिलाइन् । यसरी भिक्षुणी गौतमी संगसंगै चारिका गर्नमा विश्वका १३ देशका एक सय आठ जना भिक्षुणी, अनगारिका, गुरुमांहरू भए ।

**ऐतिहासिक चारुमती विहारमा पूजा :**

काठमाँडौं आउनुको अर्को उद्देश्य भनेको ऐतिहासिक पात्र भिक्षुणी चारुमतीद्वारा निर्मित चारुमती विहार र चारुमती चैत्यको पूजा गर्ने । वंशावली अनुसार चाबहिलया चारुमती चैत्य सम्राट अशोक महाराजाको कान्छी छोरी चारुमतींले निर्माण गरेको थिए । राजकुमारी चारुमतीं नेपालको राजकुमार देवपालनाप विवाह गरेर राजकाज सम्हालेका र पछि मात्र भिक्षुणी भएको उल्लेख छ । बि.सं २०५९ देखि २०६१ को स्तूप जीर्णेद्वारको क्रममा उत्खनन गरेको समय त्यहाँ दुईवटा अत्यन्तै महत्वपूर्ण ईट्टाहरू भेट्टाए जुन स्तूप कै भूवनबाट प्राप्त भएको थियो । एउटा ईट्टामा माथि धर्मचक्र र तल ब्राह्मी लिपिमा चारुवती थूप शब्द लेखिएको र त्यसको मुनि भुजिंमोल लिपिमा चारुवती थूप अनि धन्दे हे तु प्र भा लेखिएको पाइयो । यसरी यो अभिलेखले चारुमती चैत्य अशोककालिन भएको र ई. पू तेश्रो शताब्दिको भनी ठहर भएर हाल राष्ट्रिय संग्रहालय, छाउनीको बौद्ध कला कक्षमा सुरक्षित छ ।

ऐतिहासिक, पुरातात्विक प्रमाण भेटिएको यस भिक्षुणी चारुमतीले निर्माण गरेको चारुमती विहार विश्वका भिक्षुणीहरूको लागि महत्वपूर्ण दर्शनीय स्थान भएको छ । यही कारणले चारिकामा आएका भिक्षुणीहरूले चारुमती स्तूप पनि दर्शन गरे । स्तूप परिक्रमा कार्यमा गौतमी अस्थि धातु र गौतमी मूर्ति सहित परिक्रमा गरेका थिए । स्तूप पूजा पछि उनीहरू चारुमति बुद्ध विहार प्रमुख तथा चारुमती बुद्धिष्ट मिशनका प्रमुख भिक्षु तपस्सिधम्मको निमन्त्रणामा भोजन ग्रहण गरी बुद्ध एयरबाट भैरहवा पुगे ।

**कपिलवस्तुमा उद्घाटन :**

सिद्धार्थनगर अन्तर्राष्ट्िय विमान स्थलमा गौतमीको अस्थिधातु सहित प्रजापति गौतमी भएकी भिक्षुणी सुजाता सहित अन्तर्राष्ट्रिय भिक्षुणीहरूलाई स्वागत गरियो र लुम्बिनी पुगे। लुम्बिनीमा उनीहरू गौतमी भिक्षुणी विहारमा बसे । छुट्टै महत्व बोकेको यो विहार लुम्बिनी क्षेत्रमा श्रद्धेय धम्मवती गुरुमांको नेतृत्वमा जनस्तरबाट बनेको विहार हो । वरिष्ठ नारी नेतृ धम्मवती गुरुमांको परिकल्पना अनुसार यहाँ भगवान् बुद्धको मात्र मूर्ति नभई सिद्धार्थ कुमार, जन्मदाता रानी महामाया देवी, सानीआमा प्रजापति गौतमीको समेत मूर्ति छन् । हाल आएर समस्त नारीजातिलाई शान्दपद निर्वाण हासिल गर्नेका लागि गृहत्याग गरी भिक्षुणी बन्ने मार्ग दिलाएकी भिक्षुणी प्रजापतिको पनि मूर्ति प्रतिस्थापन गरी विहारको गरिमा बढाएको छ । यही विहारमा बसेर उनीहरूले बुद्ध

पूजा ध्यान भावना गरे ।

नेपाल, भारत, थाइलैण्ड, अमेरीका, क्यानाडा, भियतनाम, कम्बोडिया, श्रीलंका, सिंगापुर र अष्ट्रेलिया लगायतका १३ मुलुकका भिक्षुणीहरू यस ऐतिहासिक कार्यक्रममा सहभागी हुन कपिलवस्तु आइपुगे । त्यहाँ नेपाल लगायत अन्य मुलुकका केही उपासिकाहरू भिक्षुणी सुजाताको हातबाट अल्पकालीन प्रवज्या ग्रहण गरे । यसरी १०८ जना भिक्षुणीहरू प्रजापति गौतमी भएकी भिक्षुणीको अगुवाईमा पदयात्राको लागि तयार भए ।

महाप्रजापति गौतमी ग्रेट रिनाउन्सेसन ट्रेल कार्यक्रमका कोअर्डिनेटर तथा अध्येता दीपक आनन्द र नेपालका पर्यटन ईलमी विक्रम पाँडेकाजीले लामो समय अनुसँन्धान गरेर यो तिलौराकोट् कपिलवस्तु देखि भारतको वैशालीसम्मको पदमार्ग तय गरेका हुन् । तिलौराकोट दरवार परिसरमा पूजा गरी त्यहाँको पूर्वीढोकाबाट प्रजापति गौतमी भएकी भिक्षुणी सुजाताको हातमा गौतमी अस्थिधातु अर्की नेपालि भिक्षुणी गौतमी भिक्षुणी विहारकी प्रमुख भिक्षुणी खमेसीको हातमा श्रद्धेय धम्मवती गुरुमांले आयोजकलाई उपहार दिनु भएको गौतमीको मूर्ति सहित पैदल यात्रा शुरु भयो ।

**चारिका वैशालीसम्म** :

आधुनिक विश्वमा २६०० वर्ष अगाडिका नारि मुक्तिका नेतृ, भिक्षुणी संघ स्थापना गर्ने आदि माता भिक्षुणी गौतमीको गुणस्मरण गर्न विश्वका बौद्ध भिक्षुणीहरू एकजूट भए ।महिलाहरूको लागि स्थापना भएको भिक्षुणी संघ भौतिक सम्पन्न्ता, भौतिक सुख सयलको निम्ति पक्कै होईन । यो बौद्धिक ,आध्यात्मिक बाटो हुंदै प्रज्ञा ज्ञानसम्म पुगेर जन्म मरण चक्रबाट मुक्ति पाएर निर्वाण सुख प्राप्तिको लागि हो ।महिलाहरूले पनि लोकोत्तर ज्ञान प्राप्त गर्न सक्छ भनी प्रमाणित गर्न हो । एकचोटि भगवान् बुद्ध वैशालीको कूटागारमा बस्नु भएको बेला भिक्षुणी गौतमीले सोधिन् कि भगवान् मलाई संक्षेपमा उपदेश दिनुहोस् जुन धर्म सुनी म एकान्तमा एक चित्त भई अभ्यास गरुं ।यो सुनेर बुद्धले भने कि जुन धर्मले विरक्तितर्फ लैजान्छन् आसक्तितर्फ होइन,मुक्ति तर्फ लैजान्छन् बन्धन तर्फ होईन ,त्याग तर्फ लैजान्छन सञ्चय तर्फ होईन, नम्र तर्फ लैजान्छन आत्म उत्कर्ष तर्फ होईन,सन्तोष तर्फ लैजान्छन असन्तोस तर्फ होईन,एकान्त तर्फ लैजान्छन उल्भन तर्फ होईन,जागरुक तर्फ लैजान्छन आलस्य तर्फ होईन, भार रहित तर्फ लैजान्छन भार बन्नु तर्फ होईन । यही धर्म हो, यही विनय हो, यही शास्ताको उपदेश हो । सोहि बुद्ध वचन अनुरुप गौतमीले एकान्तमा बसेर अध्ययन, अनुसन्धान, अभ्यास गरेर सम्पूर्ण क्लेश निर्मूल गरी परम शान्त निर्वाण प्राप्त गरिन् ।

अहिलेका यी भिक्षुणीहरूले गौतमीको पदचाप स्पर्श गरेर पछ्याएको मात्र होइनन् ।अवश्य पनि अर्हत्व प्राप्त गौतमीको मार्ग पनि खोजि गरेका होलान् । यसरी उनीहरू निग्रोधाराम, रामग्राम हुँदै अनोमा घाट पुगे । त्यहाँ पूजा गरी भिक्षुणी पातिमोक्ख पाठ गरे । त्यहाँबाट भारतको बाल्मिकी नगर,नन्दनगढ,लौरिया केसरीया हुँदै वैशाली पुगे दैनिक ६,७ कि.मी. पैदल र बसमा गरी चारिका पूरा गरे ।सर्वप्रथम गौतमीद्वारा भिक्षुणी संघ स्थापना भएको स्थान दर्शन पछि वैशालीमा परिनिब्बान क्षेत्र पुगेर सामुहिक पूजा पाठ गरे । वैशालीको उत्तरतिर बीरपुरमा परिनिब्बान क्षेत्र रहेको छ जहाँ गौतमी सहित अन्य पाँच सय भिक्षुणीहरूले परिनिर्वाण प्राप्त गरेको थियो ।

चारिका भित्र विभिन्न स्थानमा भिक्षुणी सुजाताबाट प्रवचन र ध्यान अभ्यास पनि भए । कार्यक्रम सम्पन्न पस्चात् सबै आ-आफ्नो देशमा फर्के । चारिकामा रहेको गौतमी अस्थि धातु र गौतमीको माटोको र फाइबरको मूर्ति धम्मधारिनी मोनाष्ट्री, अमेरीकामा पुगे ।

यो महाप्रजापति गौतमी ग्रेट रिनाउन्सेन ट्रेलले विश्वका महिलावर्गमा एउटा विशेष उर्जा दिएको छ । विश्व प्रसिद्ध नेपालका वरिष्ठ भिक्षुणी धम्मवती गुरुमांप्रति उनीहरूको श्रद्धा, शाक्य भिक्षुणीप्रति श्रद्धाले बौद्ध जगतमा नेपालप्रतिको दृष्टिकोण स्पष्ट छ । नेपालमा बनेको गौतमीको मूर्ति १३ देशमा पुगिसके भने फेरी अर्का मूर्ति अर्डर पनि भइ सके ।

अर्को वर्ष बुद्धकालमा जस्तै पाँच सय भिक्षुणीहरू तयार गर्ने सोचमा छ ।यसले गर्दा महिलाहरूको बौद्धिक स्तर उच्च शिखरमा पुग्ने आशा पनि धेरै रहेको छ । ❁



# २५७० औं बैशाख पूर्णिमा महोत्सव विभिन्न स्थानमा सम्पन्न

## २५७० औं बैशाख पूर्णिमा महोत्सव

२०८३ बैशाख १८ गते शुक्रबार

*स्थान- आनन्दकुटी विहार, स्वयम्भू*

यसदिन २५७० औं बैशाख पूर्णिमा महोत्सवको उपलक्ष्यमा सम्माननिय राष्ट्रपति श्री रामचन्द्र पौडेलको प्रमुख अतिथित्वमा बृहत बौद्ध सार्वजनिक सभा सम्पन्न भयो । भिक्षु पञ्ञामूर्ति महास्थविरको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा पञ्चशील प्रार्थना पश्चात् बुद्ध जयन्ति समारोह समितिका महासचिव गौतम शाक्यबाट स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो भने भिक्षु कौण्डञ्ञ महास्थविरले बुद्ध शिक्षाको महत्त्व विषयमा चर्चा गर्नुभयो ।

कार्यक्रमको प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले बुद्ध शिक्षालाई जनमानसमा प्रचार-प्रसार गर्न अत्यावश्यक भएको विषयमा चर्चा गर्नुहुँदै बुद्ध जयन्ती समारोहले आफ्नो कार्य सुचारूरूपले सञ्चालन गर्नको लागि आवश्यक नेपाल सरकारले आवश्यक सहयोग गर्ने जानकारी दिनुभयो ।

थेरवाद, महायान र वज्रयानबाट प्रतिनिधित्व सहित मंगल पाठ गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेललाई बुद्ध जयन्ती समारोह समितिको तर्फबाट मैत्री उपहार स्वरूप बुद्ध प्रतिमा प्रदान गरियो ।

आनन्दकुटी विहारमा उक्तदिन विहानदेखि पवित्र अस्थिधातु प्रदर्शन, क्षीर भोजन दान लगायत रक्तदान कार्यक्रम पनि आयोजना गरियो भने प्रत्येक ३ वर्षमा सञ्चालन गरिने पवित्र अस्थिधातुलाई बाजागाजा सहित नगर परिक्रमा गर्ने कार्यक्रम पनि हर्षोल्लासका साथ सम्पन्न गरियो । ❁

## लुम्बिनीमा २५७० औं बुद्ध पूर्णिमा महोत्सव

*२०८३ बैशाख १८ गते, शुक्रबार*

शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीमा २५७० औं बुद्धपूर्णिमा महोत्सव हर्षोल्लासका साथ सम्पन्न गरियो । लुम्बिनी विकास कोषबाट आयोजित उक्त कार्यक्रममा प्रतिनिधि सभाका सभामुख देवराज अर्याल तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खड्गराज पौडेल लगायत अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको कुरा प्राप्त समाचारमा उल्लेखित छ ।

संघीय संसद तथा प्रदेश सभाका सदस्यहरू लगायत लुम्बिनीका विभिन्न विहारहरूबाट पनि उल्लेखनीय व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्पूर्ण सहभागीहरू मायादेवी मन्दिरमा भेला भई पूजा एवं ध्यान भावना कार्यक्रममा सम्मिलित हुनु भएका थिए ।

थेरवाद, महायान र बज्रयान गरी तीन यानहरूले एकजूट भई शाक्य मुनि बुद्धको जन्म, ज्ञान प्राप्ती एवं महापरिनिर्वाण स्मरण गरी मनमा संवेग उत्पन्न गरिएकोले सो दिन लुम्बिनीमा मनमोह दृश्य झल्किएको बुझिन्छ । यसको साथै उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्य मन्त्री कृष्णबहादुर घर्ती लगायत नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासिय प्रतिनिधि लिला पिटर्स याहियाको पनि उपस्थिति रहेको बुझियो ।

बैशाख पूर्णिमा महोत्सवको उपलक्ष्यमा देवदह, रामग्राम र तिलौराकोटमा पनि बुद्ध पूर्णिमा महोत्सव हर्षोल्लासपूर्वक मनाई पूजा, ध्यान तथा दीप प्रज्वलन गरी कार्यक्रम समापन गरियो । ❁

## संयुक्त राष्ट्र संघ भवनमा २५७० औं बैशाख पूर्णिमा महोत्सव

*२०८३ बैशाख १८ गते, शुक्रबार, पुल्चोक*

२५७० औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा पुल्चोक स्थित राष्ट्र संघ भवनमा विशेष समारोह आयोजना गरियो ।

भिक्षु पञ्ञामूर्ति महास्थविर समक्ष पञ्चशील प्रार्थना पश्चात् नेपालका लागि संयुक्त राष्ट्र संघका आवासिय प्रतिनिधि लिला पिटर्स याहियाको प्रतिनिधिज्यूबाट स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो । यसरी नै संयुक्त राष्ट्र संघका महासचिव UN Secretary General Antonio Guterres बाट शुभकामना मन्तव्य वाचन गरियो ।

उक्त कार्यक्रममा आनन्दकुटी विहारका भद्दिय बिकेश भन्तेबाट बुद्ध वन्दना गराउनु भयो । ललितपुर उपमहानगर पालिकाको मेयर चिरिबाबु महर्जनले प्रमुख अतिथिको आसनबाट बुद्ध पूर्णिमाको महत्वबारे आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो भने नेपाल बौद्ध परिषद्का

उपाध्यक्ष पूर्णमान चित्रकार र उत्तम धाख्वाले पनि आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो । ❀

## सुलक्षण कीर्ति विहारमा चैत्य स्थापना

धर्मकीर्ति विहारको शाखा विहार सुलक्षणकीर्ति विहार चोभारमा पञ्चबुद्ध चैत्य स्थापना गरिएको समाचार छ । प्राप्त समाचार अनुसार दिवंगत सुशीरवीर सिंह कंसाकारको चौथौं पुण्य स्मृतिमा उहाँको परिवारबाट स्थापित उक्त चैत्य भिक्षु कौण्डञ्ञ महास्थविरबाट अनावरण गरियो । कार्यक्रममा भिक्षु कौण्डञ्ञले चैत्यको महत्व विषयमा धर्मदेशना गर्नुभयो ।

सो पश्चात् परित्राणपाठ र पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो । ❀

## २५७० औं बैशाख पूर्णिमाया उपलक्षे बुद्धपूजा व धर्मदेशना

*२०८३ बैशाख १८ गते, शुक्रबार*
*स्थान- नारायहिटी, काठमाडौं*

यसदिन २५७० औं बैशाख पूर्णिमाको उपलक्ष्यमा नारायणहिटी नारायण स्थानमा स्थापित बुद्ध प्रतिमा परिसरमा पञ्चशील प्रार्थना, बुद्धपूजा, परित्राण पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरियो । बुद्ध प्रतिमा स्थापना गर्नुहुने दाता उपासिका प्रमिला मानन्धर सपरिवारको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा वीर्यवती गुरुमांबाट दान, शील र ध्यान विषयमा धर्मदेशना गर्नुहुँदै बुद्ध पूर्णिमाको महत्व विषयमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी उपासिका प्रमिला मानन्धरका दिवंगत श्रीमान् शिवदाश मानन्धर प्रमुख उहाँका अन्य पितृजनहरूको पुण्यस्मृतिमा पुण्य दान गरियो ।

सो पश्चात् दानप्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो । ❀

## शाक्य मुनि बुद्धको २६५० औं जन्म जयन्ति

*२०८३ बैशाख १८ गते, शुक्रबार*
*स्थान- नगदेश बुद्ध विहार, थिमी*

२५७० औं बैशाख पूर्णिमा एवं स्वाँया पुन्हिका दिन सिद्धार्थ कुमार नेपालको लुम्बिनी बनमा २६५० वर्ष अगाडि जन्मनु भएको दिन बैशाख पूर्णिमाको दिन थियो । यसरी नै यसको ठीक ३५ वर्ष पछि भारतको बुद्धगयामा बोधिज्ञान लाभ गरी बुद्ध हुनुभएको दिन पनि बैशाख पूर्णिमाकै दिन थियो । उहाँले बुद्धत्व लाभ गर्नुभएको २६१५ वर्ष बितिसकेको छ । यसरी नै उहाँ ८० वर्षको उमेरमा भारतको कुशिनगरमा बैशाख पूर्णिमाकै दिन महापरिनिर्वाण हुनुभयो । महापरिनिर्वाण हुनुभएको २५७० वर्ष भइसकेको छ ।

शाक्य मुनि बुद्धको अनन्त गुणानुस्मरण गरी उहाँको अमूल्य गुणलाई अनुस्मरण गर्ने हेतुले यसदिन नगदेश बुद्ध विहारमा २०८३ बैशाख १८ गते बैशाख पूर्णिमाको दिन श्रद्धेय केशावती गुरुमां र खेमावती गुरुमांको समुपस्थितिमा पञ्चशील, अष्टशील प्रार्थना लगायत बुद्धपूजा कार्यक्रम सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार यसदिन नगदेशमा ज्ञानमाला भजन खलःले भजन प्रस्तुत गर्दै विभिन्न बाजागाजा सहित बुद्ध प्रतिमा खटमा राख्नलगाई नगर परिक्रमा गरियो । नगदेश बौद्ध समूहको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा नगदेश बुद्ध विहारका जेष्ठ उपासक (१०० वर्ष पार गर्नुभएका) नगदेशका जेष्ठ नागरिक आशा नरसिंह धुमनलाई आयु आरोग्य एवं दीर्घायु कामना गरी खाडा र दोसल्ला ओढाइएको थियो ।

यसको साथै बुद्ध सम्वत् २५७० एवं २५५० औं जन्म जयन्तिको उपलक्ष्यमा नगदेश बुद्ध विहारले पाँचदिने अल्पकालिन दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा ३ जना उपासिकाहरूलाई अल्पकालिन प्रव्रजित गुरुमां प्रव्रज्या गरियो भने १६ जना उपासिकाहरू अल्पकालिन ऋषिनी प्रव्रज्या गरियो ।

यस दुर्लभ प्रव्रज्या कार्यक्रममा सहभागी हुनुभई पुण्य सञ्चय गर्नुभएका उपासिकाहरूको नामावली यसरी रहेको छ :–

| क्र. सं. | गृहस्थ नाम | ठेगाना | प्रव्रजित नाम | प्रव्रज्या प्रकार |
|---|---|---|---|---|
| १ | सरस्वती डंगोल | काठमाडौं | प्रज्ञावती | गुरुमां प्रव्रज्या |
| २ | पद्मतारा शाक्य | काठमाडौं | सत्यवती | ” |
| ३ | कमलतारा तुलाधर | ” | मैत्रीवती | ” |
| ४ | असलमाया प्रजापती | नगदेश ७ | नन्दावती | ऋषिणी प्रव्रज्या |

| | | | | |
|---|---|---|---|---|
| ५ | तुलसीमाया वाडे | ” | भद्राकापिलानी | ” |
| ६ | हरीदेवी धजु | ” | सारवती | ” |
| ७ | सूर्यमाया कोजु | ” | रमावती | ” |
| ८ | पखमाया कोजु | ” | सुरमावती | ” |
| ९ | हरीमाया कोजु | ” | वीर्यपारमी | ” |
| १० | कान्छी बकय | ” | करुणावती | ” |
| ११ | सुन्दरीमाया सिक्रंमन | ” | प्रीतिवती | ” |
| १२ | सन्तमाया बोडे | ” | श्रद्धावती | ” |
| १३ | कान्छीमाया नायःजु | ” | अमरावती | ” |
| १४ | लतमाया सिंकेजन | ” | सिक्खावती | ” |
| १५ | ईश्वरीमाया वाडे | ” | संघवती | ” |
| १६ | प्रतिमा तुलाधर | काठमाडौं | भावनावती | ” |
| १७ | सर्मिष्ठा श्रेष्ठ | ” | सुधम्मावती | ” |
| १८ | अञ्जु महर्जन | ” | सुनन्दावती | ” |
| १९ | सरला डंगोल | ” | सुखवती | ” |

पाँचदिने यस कार्यक्रममा श्रद्धेय भिक्षु धर्मरत्न, श्रद्धेय गुरुमांहरू अनुपमा, केशावती र खेमावती बाट धर्मदेशना भएको थियो । ❀

## २५७० औं बैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मदेशना

*२०८३ बैशाख १८ गते, शुक्रबार*

*स्थान- पीगः ननी, मरु*

२५७० औं बैशाख पूर्णिमाया उपलक्षे पीगःननी मरुया ग्वसालय् बहनी ८ बजे धर्मदेशनाया ग्वसाः ग्वयाः धर्मदेशना ज्याभ्वः न्ह्याकादीगु दु । थुगु ज्याभ्वले वीर्यवती गुरुमांनं बैशाख पुन्हिया महत्व विषये धर्मदेशना याना बिज्याःगु खः ।

शाक्यमुनि बुद्धया जीवनी अध्ययन याना यंकेगु अवस्थाय् बैशाख पुन्हिया दिनय् वसपोलया जीवनय न्यागू संयोग चूलानाच्वंगु विषय केन्द्रित जुयाः वीर्यवती गुरुमां नं धर्मदेशना यानाबिज्याःगु खः । अथेहे भगवान् बुद्धं कनाबिज्याःगु शील, समाधि, प्रज्ञायात बालाक थ्वीकाः उगु शिक्षा अनुसारं झीगु जीवन न्ह्याकायंके फइबलेतिनि बुद्ध पूर्णिमा झझःधायक न्याय्कूगु सार्थक ज्वीगु विषय नं चर्चा याना बिज्याःगु खः ।

धर्मदेशना अन्तय पीगःननी धर्मदेशजना ज्याभ्वःया दुजःपिनं श्रद्धानुकूल दान प्रदान यानाः पुण्य सञ्चय यानादीगु खः । ❀

## अनित्य, दुःख, अनात्म



✍ **प्रेमलक्ष्मी तुलाधर**, ङत

न्हापा मिखा त्येलाः ख्वूंगु थासे नं जः दुथें  
आः जः दुथाय् नं ख्वूंस्य तिसिना तयागु मिखाथें  
चीसलं खँ ल्हाःसां ताय्क्य फुशु ध्व न्हाय्पनं  
आःलिक्क वयाः सुनानं खँ ल्हासां ताय्क्य मफु थ्व न्हाय्पनं  
नस्वाः नवः धाधां न्ह्याबलें गन्ध नताःगु थ्व न्हासं  
आः पिनाश जूथें गन्ध नताय्क्य मफु थ्व न्हासं  
थुयावल थौं बुद्ध वचन अनित्ययात

साक्क भिंक त्वाक्क सवाः काय्फुगु थ्व म्हुतु  
आः न्ह्याक्व साक्क नःसा सवाः मदु थ्व म्हुतु  
कःनि मुस्या मुरु मुरु न्ह्येफुगु थ्व वा जिगु  
हायावन झन झन भ्वाथः जुयाः थ्व वा जिगु  
यच्चुस्य पिच्चुस्य च्वंगु थ्व ख्वाः जिगु  
स्वयां स्वय् मजीक भुयूम्ह माकःथें जुल ख्वाः जिगु  
थुयावल थौं बुद्ध वचन दुःखयात

तिंतिंन्हुयाः सनाः ज्या याना जुयागु थुगु ल्हाः तुती  
आः फ्यतुना थासं दने थाकु दंसा फ्यत्वी थाकु ल्हाःतुती  
ज्वनाजुयागु तुतामं भाला काय् मफयाः क्वःदल  
सुनानं थनाबीला धकाः आशां स्वयाच्वना तर सुं मवल  
थुयावल थौं बुद्ध वचन थम्हं धयाथें मदुगु अनात्म भावयात

## आवरण चित्र परिचय

भरखर केही समय अगाडि राजा प्रसेनजितले षडयन्त्र गरी मेरो पति सहित मेरा ३२ जना पुत्रहरूलाई हत्या गराइएको समाचार प्राप्त भयो । तैपनि मैले आफ्नो चित्त स्थिर राखी भोजन कार्यक्रम सञ्चालन गरिरहेकी छु ।”

मल्लिकाले आफ्नो तर्फबाट १६ पटकसम्म जुडवा पुत्रहरू जन्माएकी थिइन् । अब तिनीहरू मध्ये एकजना पनि रहेनन् । न श्रीमान् बन्धुल नै बचे ।

*( क्रमशः पेज २१ मा हेर्नुहोला )*

# नेपाल बौद्ध परियत्ति शिक्षाको ६३ औं दिक्षान्त समारोह कार्यक्रम सम्पन्न

*प्रस्तुती- अ. अरियत्राणी, परियत्ति सद्धम्मकोविद*

काठमाण्डौको मीनभवनमा अवस्थित विश्व शान्ति विहारमा गत जेठ १६ गते शनिबारका दिन नेपाल बौद्ध परियत्ति शिक्षाको ६३ औं दिक्षान्त समारोह कार्यक्रम सम्पन्न भएको छ । अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षाको २०८२ सालमा करिब पाँचहजार (५०००) जना परीक्षार्थीहरूले परीक्षा दिएकोमा तीनहजार नौं सय तेइस (३९२३) जना परीक्षार्थीहरू उत्तीर्ण हुन सफल भएका छन् । परीक्षामा उत्तीर्ण परीक्षार्थीहरू मध्ये कक्षा एक देखि दस सम्म बोर्ड स्थान हासिल गर्न सफल २४ जना विद्यार्थीहरू र कक्षागत प्रथम स्थान हासिल गर्न सफल २ जना विद्यार्थीहरू, त्यस्तै सद्धम्मपालक अर्थात् कक्षा सातमा उत्तीर्ण ५६ जना विद्यार्थीहरू र कोविदमा उत्तीर्ण ४० जना विद्यार्थीहरूलाई कार्यक्रममा दिक्षित गरिएको जानकारी परियत्ति दिक्षान्त समारोह समितिले दिएका छन् । नेपाल बौद्ध परियत्ति शिक्षाको सूचना, प्रविधि तथा प्रचार प्रसार उप-समितिका संयोजक भिक्षु पियरतन स्थविरद्वारा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । विशेष गरी बोर्ड स्थान हासिल गर्न सफल, सद्धम्मपालक उपाधि उत्तीर्ण र कक्षा १० कोविदमा उत्तीर्ण विद्यार्थीहरूलाई कक्षागत तथा प्राप्ताङ्कको आधारमा नगद पुरस्कार, स्वर्ण पदक, रजक पदक, काश्य पदक, सुशिला स्मृति सिरपा, पेन ड्राइभ, प्रमाण-पत्र, मेडल लगायत अन्य पाठ्य विषय वस्तुहरू प्रदान गरी दिक्षत गरिएको जानकारी आयोजक समितिले दिएका छन् । दिक्षित हुने विद्यार्थीहरूमा कोविदमा बोर्ड प्रथम स्थान हासिल गर्न सफल प्रमिला ताम्राकार लगायत अन्य दिक्षित विद्यार्थीहरूलाई कार्यक्रमका विशेष अतिथि पूर्व मन्त्री डा. केशवमान शाक्य, नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष शीलभद्र महास्थविर, त्यस्तै परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक बोधिज्ञान महास्थविर र पुरस्कारको लागि विभिन्न क्षेत्रमा दान गर्नुभएका दानी दाताहरूको हातबाट पुरस्कार प्रदान गरिएको छ । नेपालबौद्ध परियत्ति शिक्षा दिक्षान्त समारोह समितिका संयोजिका सुश्री अमिता धाख्वाद्वारा संयोजन गरिएको उक्तकार्यक्रममा अखिल नेपालभिक्षु महा संघका उपाध्यक्ष तथा नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष, श्रद्धेय भिक्षु शीलभद्र महास्थविर लगायत भिक्षु महासंघ, अनागारिका संघ, पूर्व मन्त्री डा. केशवमान शाक्य, भारत संकस्स परियत्ति केन्द्रका केन्द्राध्यक्ष डा. अशोक प्रियदर्शी, काठमाण्डौ ३१ वडाका वडाध्यक्ष सरोज ढकाल, विभिन्न परियत्ति केन्द्रका केन्द्राध्यक्षहरू, परियत्ति शिक्षक, शिक्षिकाहरू, बौद्ध विद्वान्हरू, स्वयम् सेवकहरू र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।


कार्यक्रममा वि.सं. २०२२ साल देखि परियत्ति शिक्षा सुरु भई निरन्तर रूपमा सञ्चालन गरी नैतिकवान, चरित्रवान, सक्षम जनशक्ति उत्पादन गर्ने कार्यमा ६१ वर्षसम्म लामो समय सक्रिय रही बुद्धशिक्षा प्रचार-प्रसार, संरक्षण एवम् सम्वर्धनमा अमूल्य योगदान गर्नुभएको कार्यलाई उच्चकदर गरी धर्मकीर्ति विहार परियत्ति केन्द्रलाई सम्मान गरिएको छ । साथै विगत लामो समयदेखि परियत्ति शिक्षा प्रचार-प्रसार, प्रशिक्षण, परियत्ति सञ्चालक, परियत्ति केन्द्र स्थापना जस्ता विविध आयामबाट बुद्धशासन चिरस्थायी गर्नको लागि दिनुभएको अमूल्य योगदानलाई कदर गर्दै, अनागारिका ञाणवती गुरुमांलाई पनि सम्मान-पत्र प्रदान गरिएको थियो ।

विहानीपख मुसलधारे वर्षा भएता पनि दिउँसो कार्यक्रमको समयमा मौसम एकदम अनुकूल रहेको उक्त दिक्षान्त कार्यक्रममा सुरुमा आशन ग्रहण, त्यसपछि, पञ्चशील प्रदान, स्वागत मन्तव्य, परियत्ति प्रतिज्ञा वाचन, बु.सं. २५६९ वर्षको परियत्ति परीक्षा प्रतिवेदन, सम्मान कार्यक्रम, पुस्कार वितरण, विशेष अतिथिहरूलाई धर्म उपहार, मन्तव्य र धन्यवाद ज्ञापन सहित पुण्य अनुमोदन गरी सभा विसर्जन गरिएको जानकारी आयोजक समितिले दिएका छन् । ❀

## आवरण चित्र परिचय

मल्लिका भगवान् बुद्धकी शिष्या थिईन् । विपश्यना ध्यान गर्दै प्रज्ञा प्राप्त गरिसकेकी पक्का उपासिका थिइन् । त्यसकारणले नै उनीप्रति यत्रो बज्रपातरूपी घटना घटे पनि उनको चित्त विचलित भएन । विपश्यना अभ्यासमा छिपिसकेकी भएको कारणले मनमा प्रज्ञाले जग बसालिसकेको थियो । सहनशीलता र समताले जग बसालिसकेको थियो । *( क्रमशः पेज २३ मा हेर्नुहोला )*

# ५० जना श्रद्धेय प्रव्रजित गुरुमांहरूलाई भिक्षा दान र भोजन दान




धर्मदेशना गर्नुहुँदै श्रद्धेय वीर्यवती गुरुमां



कार्यक्रम सञ्चालन गर्नुहुँदै
उपासक अरुण सिद्धि तुलाधर

*२०८३ जेठ १५ गते*
*स्थान- भ्याःचा द्यो, यें, भेडासिं, काठमाडौं*

भेडासिं परिवार क्लबको आयोजनामा यसदिन ५० जना श्रद्धेय प्रव्रजित गुरुमांहरूलाई भिक्षादान एवं भोजन दान गरी पुण्य सञ्चय गरिएको छ । अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा श्रद्धेय वीर्यवती गुरुमांबाट दान र परित्राण पाठको महत्व विषयमा धर्मदेशना भएको थियो । धर्मदेशना पश्चात् प्रव्रजित गुरुमां समूहबाट सामूहिक परित्राण पाठ गर्नुभई पुण्यानुमोदन गरियो । काठमाडौं महानगरपालिका वडा नं २५ स्थित भेडासिं परिवार क्लबका संरक्षक एवं सल्लाहकार नारायण प्रसाद श्रेष्ठ, प्रमुख रवि श्रेष्ठ, सचिव प्रविण लाल जोशी, कोषाध्यक्ष निर्मल रत्न बज्राचार्य लगायत क्लबका अन्य सक्रिय सदस्यहरूको संयोजकत्वमा सञ्चालित उक्त कार्यक्रममा आमन्त्रित लगभग ५५ जना प्रव्रजित गुरुमांहरूलाई आयोजक परिवार एवं कार्यक्रममा सहभागी सम्पूर्ण श्रद्धालु दाताहरूबाट यथाश्रद्धा भिक्षा दान र भोजन दान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।







उपस्थित उपासक-उपासिका समूह

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. २०१२ आश्विन ४ गते*

*दिवंगत :*
*बि.सं. २०८२ चैत्र २७*

# दिवंगत उपासिका विमला हेरा ताम्राकार

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य उपासिका **विमला हेरा ताम्राकार** ७० दँया वैशय् दिवंगत जुयादिल । मदुम्ह उपासिकाया सुगति व निर्वाण हेतु कामना यासे पुण्यानुमोदन यानागु जुल । अथेहे वयकःया छ्यँजःपिसं नं भगवान् बुद्धं कनाबिज्याःगु संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः मनंतुना । भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहार**
**श्रीघः नघः यँ**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुदिं :*
*बि.सं. १९९८*
*कार्तिक २५*
*सोमबार*

*दिवंगत :*
*बि.सं. २०८२*
*भाद्र ३१ गते*
*मंगलबार*

# दिवंगत कमलदेवी श्रेष्ठ

प्रेमलक्ष्मी नानी ङत पुचः धर्मकीर्ति विहारया दुजः उपासिका **कमलदेवी श्रेष्ठ** दिवंगत जुयादिल । वयकलं थ:गु जीवनय् यानादीगु कुशल धर्मपाखें मुनादीगु पुण्य शक्तिं वयकःयात सुगति सहित निर्वाण हेतु नं प्राप्त ज्वीमा धकाः कामना यासे पुण्यानुमोदन याना । भवतु सब्ब मंगलम् ।

**प्रेमलक्ष्मी नानी भोजन**
**ङत पुचः, धर्मकीर्ति विहार**

## आवरण चित्र परिचय

त्यसैले उनीले आफ्ना बुहारीहरूलाई पनि भनिन्- "हाम्रो पूर्व जन्मको केही दूषित कर्मको फलस्वरूप आज हामीले यस्तो अप्रिय घटनाको सामना गर्न परिरहेको छ । तिमीहरूले चित्त नदुखाउनु । विलाप नगर्नु । महाराज प्रशेनजित उपर पनि हामीले द्वेषभाव जगाउन आवश्यक छैन ।"

यस ज्ञानलाई बुझेका सबै ३३ जवान विधवा महिलाहरूको मनमा द्वेष भाव उत्पन्न भएन । उनीहरू सबै कोशल देश त्याग गरी आफ्ना पूर्वजहरूको भूमी मल्ल गणतन्त्रको राजधानी कुशीनगरमा बसोबास गर्न पुगे ।

धन्य सहष्णुता ! धन्य समता !

*स्रोत- बुद्ध जीवनी चित्रावली*



अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*बि.सं. १९९६ मंसिर २८*

*दिवंगत :*
*बि.सं. २०८३ बैशाख २७*

# दिवंगत प्रमोद कुमार स्थापित

धर्मकीर्ति विहार, पूर्णहेरा भोजन पुच:या दुज: मैंया स्थापितया जहान
उपासक **प्रमोद कुमार स्थापित** ८७ दँया बैशय् दिवंगत जुयादिल ।
थ्व संसारय् म्वानाच्वनेगु अनिश्चित ख:सा छन्हु सिनावनेमा:गु निश्चित जुयाच्वंगु
प्रकृतीया नियम पालन याना: फ्रा:म्ह उपासक प्रमोद कुमारया परलोक
जीवन सुगती व सुखमय जुया: निर्वाण हेतु नं चूलायमा धका:
आशिकायासे पुण्यानुमोदन यानागु जुल ।
अथेहे थुगु भोजन पुच:या दुज: मैंया स्थापित सहित वयक:या छ्येँज:पिं
सकस्यां संसारया त्रिलक्षण स्वभावयात थ्वीका: धैर्य धारण
याय् फय्मा धका: नं कामना याना ।
भवतु सब्ब मंगलम् ।


## धर्मकीर्ति भोजन पुच: परिवार

धर्मकीर्ति विहार, श्रीघ: नघ: येँ

# छैठौं संघनायक दि. भिक्षु अश्वघोष महास्थविर शतवार्षिकी कार्यक्रम एक झलक


दिवंगत श्रद्धेय छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर


ओवाद उपदेश दिनुहुँदै श्रद्धेय भिक्षु बोधिशेन महास्थविर


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय भिक्षु राहुल महास्थविर


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय भिक्षु भद्दिय महास्थविर


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय भिक्षु तपुस्सधम्म


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय भिक्षु अशोक महास्थविर


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय खेमावती गुरुमां


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय पुण्यवती गुरुमां


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय ईन्दावती गुरुमां


मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय वीर्यवती गुरुमां


कार्यक्रम सञ्चालन गर्नुहुँदै अरुणसिद्धि तुलाधर


कार्यक्रम सञ्चालन गर्नुहुँदै प्रफुल्ल कमल ताम्राकार


स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै लोचन तारा तुलाधर


श्रद्धेय भिक्षु अश्वघोषको जीवनी प्रस्तुत गर्नुहुँदै ईन्द्र कुमार नकर्मी


श्रद्धेय भिक्षु अश्वघोषको योगदान बारे बो ल्नुहुँदै मीना तुलाधर


श्रद्धेय भिक्षु अश्वघोषको साहित्यिक क्षेत्रमा योगदान विषय मन्तव्य व्यक्त गर्नुहुँदै डा. सुमन कमल तुलाधर


गुणानुस्मरण मन्तव्य व्यक्त गर्नुहुँदै मचाकाजी महर्जन


श्रद्धेय भिक्षु अश्वघोषको गुणानुस्मरण विषय कविता वाचन गर्नुहुँदै प्रेमलक्ष्मी तुलाधर


गुणानुस्मरण मन्तव्य व्यक्त गर्नुहुँदै रीना तुलाधर


गुणानुस्मरण मन्तव्य व्यक्त गर्नुहुँदै मदन रत्न मानन्धर


विशेष अतिथिको शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै न.पा. मेयर शान्ति रत्न शाक्य


धन्यवाद ज्ञापन गर्नुहुँदै अगम्य रत्न कंसाकार


शतवार्षिकी स्मारिका विमोचन गर्नुहुँदै श्रद्धेय बोधिसेन महास्थविर एवं बनेपा न.पा. मेयर शान्ति रत्न शाक्य

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८२/०८३)

# साधुवाद !





**दिवंगत देवनारायण मानन्धर**

बुन्हि: १९८३ कार्तिक ३ गते, श्रीघ: पुन्हि, मङ्गलवार
मदुगु न्हि : वि.सं. २०५६ श्रावण ३० गते,
चतुर्थी, आइतवार

**दिवंगत रत्नदेवी मानन्धर**

बुन्हि: वि.सं. १९८७ आश्विन ४ गते, त्रयोदशी, शनिवार
मदुगु न्हि : वि.सं. २०६९ ज्येष्ठ २ गते,
दशमी, मङ्गलवार

धर्मकीर्ति पत्रिका वर्ष ४४, अङ्क २,३ या रङ्गीन कभर पेज (३ पेज)
"देवरत्न स्मृति कोष" पाखें धर्मदान यानादीगु खः । धर्मदान याना:
सञ्चित पुण्य शक्तिं दिवंगत जुयादीपिं
उपासक **देबनारायण मानन्धर** व उपासिका **रत्नदेवी मानन्धर**
सहित सकलें पितृजनपिनि सुगति व निर्वाण हेतुया कामना यासें
पुण्यानुमोदन यानागु जुल ।
अथेहे "देवरत्न स्मृति कोष" दाता सपरिवारया
आयु आरोग्य व निरोगी कामना यासे वयक:पिसं नं बुद्ध शिक्षायात अभ्यास यायां
थथ:गु जीवन सफल याय् फयमा धका:
कामना यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

## धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहार

श्रीघ: न:घ:, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com